सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.




• वर्ष १३ • अंक ३० • काठमाडौं, शुक्रबार, मंसिर २८, २०६४ • SAPTAHIK • Nepali National Weekly • Friday, Dec. 14, 2007 • पृष्ठ २४ • मूल्य रु. ८/-

## अन्तिम भिडन्तमा नेपाली तारा

• सुव्रत आचार्य

काठमाडौं- सम्भवतः यो खबर पाठकहरूमाझ पुग्दा क्लोजअप नेपाली तारा-२ को ग्र्यान्ड फाइनलमा पुगेका धादिङका सन्तोष लामा र झापाका तारा लक्सम बेलायतको लन्डनको कुनै स्थानमा प्रवासी नेपालीहरूलाई गीत सुनाइरहेका हुनेछन्। आज शुक्रबार राती ८:४० मा नेपाल टेलिभिजनबाट प्रसारण हुने कार्यक्रमको छायाङ्कन गत सोमबार नै भैसकेको थियो। छायाङ्कनस्थल स्टुडियो फोरमा भेटिएका कार्यक्रमका निर्देशक राजेन्द्र सलभ भन्दै थिए- यो साता यी दुई लन्डन जाँदैछन्। क्लोजअप नेपाली तारा-२ का अन्तिम दुई प्रतिस्पर्धी फाइनल प्रतिस्पर्धापछि मलेसिया र



सन्तोष र तारासंगको वार्तालाप पृष्७ ज्ञण मा

## गर्मी फेसन सप्ताहको







• रोजिन शाक्य

कुरा हो, नेपाली फेसनवृत्तकै सर्वाधिक प्रतीक्षारत र बृहत् फेसन प्रदर्शनी– ल्याक्मे नेपाल फेसन सप्ताह-२००७ को। अन्तर्राष्ट्रिय फेसन बजारको केन्द्रविन्दु मानिने पेरिस, मिलान, न्युयोर्क, लन्डन, रोम, रियो दि जेनेरियो आदि सहर हुँदै छ वर्ष यतादेखि छिमेकी मुलुक भारतमा प्रारम्भ भएको फेसन सप्ताहको अवधारणालाई विगत तीन वर्षदेखि नेपालले पनि अँगाल्न थालेको हो, सनसिल्क फेसन सप्ताहका रूपमा। यस पटकदेखि भने यो कार्यक्रम ल्याक्मे फेसन सप्ताहका रूपमा प्रस्तुत हुँदैछ। मूलतः घरेलु फेसन डिजाइनरहरूको सिर्जनशीलता एवं कल्पनाशीलता एकैपटक मञ्चमार्फत धेरैभन्दा धेरै फेसनपाखरीहरूमाझ पुऱ्याउने र त्यसलाई अन्तर्राष्ट्रिय बजारमा समेत विस्तारित गर्ने उद्देश्य फेसन सप्ताहले बोकेको हुन्छ र यही उद्देश्यलाई आत्मसात् गरेर नेपालमा सन् २००४ देखि फेसन सप्ताह सञ्चालन गर्ने अभ्यास प्रारम्भ भयो। फेसन सप्ताहको चौथो संस्करणका रूपमा अगामी पुस २ देखि ४ गतेसम्म (डिसेम्बर १७ देखि १९ सम्म) राजधानीको होटल सोल्टी क्राउन प्लाजामा सञ्चालन हुने भएको छ– ल्याक्मे नेपाल फेसन सप्ताह-२००७।

नेपाली फेसन डिजाइनिङको क्षेत्रमा अग्रणी स्थान ओगटेको संस्था आई.ई.सी.को आयोजनामा चौथो पटक आयोजना हुन लागेको यस पटकको फेसन सप्ताह विगतको भन्दा अझ बृहत्, परिष्कृत, परिमार्जित एवं आकर्षक हुने अनुमान गरिन्छ। सहभागिताका दृष्टिले पहिलो फेसन सप्ताहमा ६३ जना, दोस्रोमा ७९ जना तथा तेस्रोमा १ सय ३४ जना फेसन डिजाइनरको सहभागिता रहेकोमा यसपटक यो संख्यामा १ सय १० छ। नेपाली फेसन डिजाइनरहरूका लागि फेसन सप्ताह आफ्नो सिर्जनशीलता प्रदर्शन गर्ने एउटा राम्रो प्लेटफर्म हुने तथा नेपाली डिजाइनर वेयरको ब्रान्ड नामको विकास गर्न यो कार्यक्रमले अहम् भूमिका खेल्ने बताइएको छ। फेसनप्रति आम जनमानसको चासो एवं चाहनालाई डिजाइनर

बाँकी पृष्ठ ९ मा



साइबर गर्ल

नवाङ लामा

पृष्ठ ४ मा



सहर चर्चा

पाला गुरुङ

जाडोका लागि

उपयोगी जानकारी

पृष्ठ २१ मा



अस्ताउने बेलामा

चम्किएका फुटबलर

पृष्ठ २३ मा





मध्यपृष्ठमा

झरना थापा

साप्ताहिक झल्को


## क्यासेट

### डिसाइड




रियाज म्युजिकले पावल राईको तेस्रो एकल गीतिसंग्रह 'डिसाइड' श्रोतामाझ ल्याएको छ। संग्रहमा सूर्य थुलुङ तथा हिरादेवी राईको ओरिजिनल गीत माछि मार न.. लाई रिमिक्स गरिएको छ। जसमा गायक राईलाई गायिका इन्दिरा जोशीले साथ दिएकी छिन्। संग्रहमा कृष्णहरि बराल, नवीन गुरुङ, शुभ मुकारुङ, पावल राई, भूपेन्द्र खड्का, होमशंकर बाँस्तोला तथा चोक गुरुङको शब्द सुन्न पाइन्छ भने संगीत दीपक जंगम, पावल राई तथा स्वरसम्राट् नारायणगोपालको छ। संग्रहमा ९ वटा गीत समावेश छन्।

### सिक्स स्ट्रिङ्स




गायक सावनदेव श्रेष्ठको एकल गीतिसंग्रह 'सिक्स स्ट्रिङ्स' श्रोतामाझ आएको छ। एएनएस म्युजिकले बजारमा ल्याएको यो संग्रहमा १० वटा गीत समावेश छन्। गीतिसंग्रहमा शब्द, संगीत तथा स्वर गायक श्रेष्ठ स्वयंको छ।

### झल्को लाली ओठको




गायक मिलन लामाको लोक-दोहोरी गीतिसंग्रह 'झल्को लाली ओठको' दर्शक-श्रोतामाझ आइपुगेको छ। म्युजिक नेपालले बजारमा ल्याएको यो गीतिसंग्रहको भाग-१ मा झल्को लाली ओठको तथा भाग- २ मा तालको माछी गन्न सकिन्न गीत समावेश छन्। संग्रहमा स्वर मिलन लामा, देवी घर्तीमगर तथा सिन्धु मल्लको छ भने शब्द तथा लय मिलन लामा, प्रकाशचन्द्र राई र सुमन बूढामगरको छ।

## ग्यालरी

**कलाकार** पृथ्वी श्रेष्ठको तेस्रो एकल चित्रकला प्रदर्शनी 'द आर्ट सप' दरबारमार्गमा आगामी पुस एक गते आइतबार प्रारम्भ हुने भएको छ। 'देखिने रेखाहरू' शीर्षकको उक्त चित्रकला प्रदर्शनी दुई सातासम्म चल्नेछ।

**पुल्चोकस्थित** पार्क ग्यालरीले विभिन्न कलाकारद्वारा कोरिएका चित्र बिक्री गर्न गत साता एक उत्सवको आयोजना गर्‍यो। विवाहको मौसम पारेर ६० जनाभन्दा बढी चित्रकारका पेन्टिङ तथा मूर्ति संग्रह गरी बिक्री उत्सव आयोजना गरिएको पार्क ग्यालरीका नवीन जोशीले बताए। तीन दिनसम्म चलेको उक्त उत्सव गत आइतबार सम्पन्न भएको थियो। कलाकारहरू शशि शाह, किरण मानन्धर, वत्सगोपाल वैद्य, हरिप्रसाद शर्मा, रतन राई, शान्त राई, जीवन राजोपाध्याय, लय मैनाली एवं काठमाडौं विश्वविद्यालयका विद्यार्थीहरूका चित्र तथा मूर्ति उत्सवमा राखिएको थियो। पार्क आर्ट फेयर शीर्षकको उक्त उत्सवमा राखिएका कलाकृतिको मूल्य ५ हजारदेखि पैंतीस हजार रुपैयाँसम्म थियो।

**कलाकार** एससी सुमनको एकल चित्रकला प्रदर्शनी गत शुक्रबारदेखि सिद्धार्थ आर्ट ग्यालरीमा प्रारम्भ भएको छ। 'मिथिला कसमस' शीर्षकको उक्त प्रदर्शनीको उद्घाटन डब्लुएफपीका रिचार्ड रागनले गरेका थिए। एक महिनासम्म चल्ने उक्त प्रदर्शनीमा ३७ वटा चित्र समावेश गरिएका छन्। कलाकार सुमनले मिथिला लोकपरम्परामा आधारित गणेश, शिव, पार्वती, सरस्वती राधाकृष्ण आदि भगवान्को आकृतिलाई क्यानभासमा उतारेका छन्।

**ललितपुरस्थित** ऐतिहासिक महत्त्व बोकेको चम्पापुर क्षेत्रलाई कलाको माध्यमबाट परिचित गराउने उद्देश्यले तयार पारिएका चित्रहरूको प्रदर्शनी गत शनिबारदेखि नेपाल आर्ट काउन्सिल बबरमहलमा प्रारम्भ भएको हो। चम्पापुर जेसिज तथा नेपाल कमर्सियल आर्टिस्ट संघको आयोजनामा सम्पन्न उक्त प्रदर्शनीमा गत जेठमा चम्पापुरमा सम्पन्न कार्यशालामा तयार पारिएका चित्रहरू राखिएका छन्। प्रदर्शनीमा ६० जना कलाकारले तयार पारेका चित्र समावेश छन्।

**कलाकार** रत्नकाजी शाक्यको सातौं एकल चित्रकला प्रदर्शनी गत साताको बुधबारदेखि ठमेलस्थित लाइट एन्ड सेड ग्यालरीमा प्रारम्भ भएको छ। काम सकिएका निमन्त्रणा कार्ड र फालिएका पत्रिकामा बुद्धका विभिन्न रूप उतारेर कलाकार शाक्यले प्रदर्शनीको आयोजना गरेका हुन्। शान्त, रिस, प्रेम, आवेग, ध्यान आदि बुद्धका विभिन्न मुद्रा चित्रमा प्रस्तुत भएका छन्। प्रदर्शनीमा ४० वटा चित्र राखिएका छन्।

**कलाकार** रमेश खनालको २४ औं एकल चित्रकला प्रदर्शनी नाफा आर्ट ग्यालरी नक्सालमा चलिरहेको छ। अमूर्त चित्रकला विधिलाई अँगालेका कलाकार खनालले तीन वर्षयता बनाएका एक्रेलिक रंगका ३८ वटा चित्रलाई प्रदर्शनीमा राखिएको छ। कलाकार खनालका अनुसार प्रदर्शनीमा राखिएका चित्रले जीवनका भोगाइ, वर्तमान परिवेश, विसंगति एवं राष्ट्रियतालाई प्रतिविम्बित गरेका छन्।

**भारतको** पटनास्थित कला तथा शिल्प महाविद्यालयमा आयोजना गरिएको कला प्रदर्शनीमा तीन जना नेपाली कलाकार पुरस्कृत भएका छन्। क्यामेल आर्ट फाउन्डेसन पटनाको आयोजना सम्पन्न उक्त प्रदर्शनीमा सर्वोत्कृष्ट कलाकारितातर्फ मिलन राई, सर्वोत्कृष्ट कला शिक्षकमा मेरिडियन इन्टरनेशनल स्कुलकी शिक्षिका संगी श्रेष्ठ तथा सर्वोत्कृष्ट कला विद्यार्थीमा दीपेन्द्र बनेपाली पुरस्कृत भएका छन्।

**तिब्बती** जनजीवनलाई झल्काउने तस्विरहरूको प्रदर्शनी गत आइतबारदेखि भृकुटीमण्डपस्थित नेपाल पर्यटन बोर्डमा प्रारम्भ भएको छ। 'द चाइना टिबेट फोटोग्राफिक एक्जिभिसन' शीर्षकको उक्त प्रदर्शनीमा ६ जना चिनियाँ फोटोग्राफरले खिचेका १ सय ३० तस्बिर समावेश छन्।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

समष्टिमा साता राम्रो छ। सुरुमा मानसम्मान मिल्नेछ भने सजिलै अरूको मन जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। भाग्य बलियो छ। बोलीको प्रभाव बढ्नुका साथै यात्रा हुने योग छ। अध्ययनमा सुधार आउनेछ। मंगलबार खर्च, घरेलु समस्या एवं चिन्ताले सताउन सक्छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्।

### वृष

उतारचढावहरू आउनेछन्। नैराश्यता एवं उदासीनताले सताउन सक्छ। शत्रु सक्रिय रहनेछन्। स्वास्थ्य गडबड हुन सक्छ। कुरा काट्नेहरूले दुःख दिनेछन्। शनिबारदेखि बुधबारसम्म पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सफलताका लागि खानपानमा ध्यान दिनुहोला। गोपनियता साताभरि नै आवश्यक छ।

### मिथुन

स्वास्थ्य कमजोर रहला। मन दुःखी हुन सक्छ। कामकाजमा अवरोध आउनेछ। समयमा निर्णय नहुँदा अरूबाट आलोचित हुनुपर्ला। रिसको वेग बढ्नेछ। शनिबारदेखि भाग्यले साथ दिन थाल्नेछ। काममा सफलता मिल्ने, व्यवसाय बढ्ने एवं यात्रा हुने बलियो सम्भावना छ। अध्ययनमा सफलता पाइनेछ। धन आर्जन पनि हुनसक्छ।

### कर्कट

मन प्रसन्न रहला। यात्रा हुने बलियो सम्भावना छ। व्यवसायमा लाभ हुनेछ। सोच्ने शक्ति बढ्नेछ भने अरूबाट सहयोग पनि प्राप्त होला। धन आर्जनको योग भए पनि शनिबार, आइतबार तथा सोमबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ। शत्रुले दुःख दिनेछन्। भाग्यले पनि साथ दिने देखिँदैन।

### सिंह

परिश्रम गर्नुपरे पनि काममा अवरोध आउनेछैन। धन आर्जन गर्ने अवसर जुट्नेछ। प्रसन्नता एवं स्फूर्ति बढ्नेछ। व्यवसायमा लाभका साथै यात्रा गर्ने अवसर मिल्नेछ। अरूबाट सहयोग पनि प्राप्त होला। अध्ययनमा सुधार आउनेछ। मंगलबार तथा बुधबार स्वास्थ्य गडबड रहने, काममा अवरोध उत्पन्न हुने एवं चिन्ताले सताउने योग छ। सफलताका लागि खानपानमा विचार पुर्‍याउनुहोला।

### कन्या

गलत विचार बढेर काम बिग्रन सक्छ। मन दुविधाग्रस्त रहनेछ। शत्रु पक्ष सक्रिय छ। कुरा काट्नेहरू प्रशस्तै होलान्। विश्वास गरेकाहरूले धोका दिनेछन्। सोमबार, मंगलबार तथा बुधबार पराक्रम बढ्ने, काममा सफलता मिल्ने एवं यात्रा हुने योग छ। आम्दानीका साथै बोलीको प्रभाव बढ्नेछ। आफन्तहरूबाट सहयोग पाइनेछ।

### तुला

घरेलु समस्या बढ्न सक्छ। काममा अवरोध आउनेछ। अरूले आलोचना गर्न सक्छन्। शनिबारदेखि सोच्ने शक्ति बढ्नेछ भने अध्ययनमा सफलता मिल्नेछ। शत्रुप्रति सजग रहनुहोला। धन आर्जन तथा यात्रा गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सफलताका लागि संयम आवश्यक देखिन्छ।

### वृश्चिक

पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ। अधुरा काम बन्नुका साथै नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग प्राप्त होला। अध्ययनमा सफलता मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। प्रशंसा पाइने योग छ। व्यवसाय एवं यात्रामा समस्या देखा पर्न सक्छ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुर्‍याउनुहोला।

### धनु

सुरुमा विवाद एवं रिस बढ्नेछ। खर्च पनि बढी नै गर्नुपर्ला। मन विचलित हुनेछ। शनिबारदेखि पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मानसम्मान पनि प्राप्त होला। व्यवसायमा सफलता मिल्नेछ भने घरेलु कार्यमा रुचि बढ्नेछ। अध्ययनमा सफलता हासिल हुनेछ। यात्रा गर्ने अवसर जुट्नेछ।

### मकर

सुरुमा मानसम्मान प्राप्त हुने योग छ। भोजभतेरतिर मन जानेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने तथा योग छ। व्यवसायमा लाभ हुनुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। अध्ययनमा तीव्रता आउने योग भए पनि खर्च एवं विवाद बढ्ने हुँदा विचार पुर्‍याउनुहोला।

### कुम्भ

खर्च एवं विवादका साथै रिसको वेग पनि बढ्नेछ। काममा अवरोध आउन सक्छ। अरूबाट आलोचना पनि हुनसक्छ। शनिबारदेखि मानसम्मान पाइने काममा सफलता मिल्ने देखिन्छ। अध्ययनमा प्रगति एवं धन आर्जन हुने योग छ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। पराक्रमको गति तीव्र हुनेछ। भाग्यले पूर्ण रूपमा साथ दिनेछ।

### मीन

समस्याहरू आए पनि आफैंले सुल्झाउन सकिनेछ। आम्दानीको तीव्रता कायमै रहनेछ। मानसम्मान पनि पाउनुहोला। भोजभतेरमा सामेल हुने अवसर प्राप्त हुनेछ। व्यवसाय बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। अध्ययनमा सोचेजस्तै सफलता प्राप्त होला। शनिबार तथा आइतबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### यो साताको पञ्चाङ्ग

मंसिर २८ गते : विवाहपञ्चमी (जनकपुर मेला), पुस ५ गते : एकादशी

## साता संक्षेप

**मंसिर २१ गते शुक्रवार**

- नेपाल आयल निगमको घाटा कम गर्न हवाई इन्धनमा १२ प्रतिशत मूल्य वृद्धि ।
- विशेष सुरक्षा अभियान सञ्चालन गरेको एक साताभित्रै तराईमा १० थान बन्दुकसहित ४३ व्यक्ति पक्राउ ।
- माओवादी सेनालाई एक वर्षको अवधिमा सवा २ अर्ब रुपैयाँ निकासा गरेको अर्थ मन्त्रालयको खुलासा, माओवादीद्वारा थप २ अर्ब रुपैयाँको माग ।
- माओवादीका कार्यकर्ताहरूद्वारा अन्नपूर्ण पदयात्रामा रहेका विदेशी पर्यटकमाथि चन्दा नदिएको झोंकमा कुटपिट ।

**मंसिर २२ गते शनिबार**

- विश्व बैंकद्वारा सरकारलाई १६ अर्ब अनुदान, अहिलेसम्मकै ठूलो अनुदान ।
- माओवादीले देशभरि पर्यटकबाट चन्दा लिइरहेको खुलासा, पर्यटक कुट्ने माओवादी कार्यकर्ता पक्राउ ।
- दिल्लीमा भैरहेको सार्क मन्त्रीस्तरीय छलफलको अन्तिम दिन सार्क क्षेत्रमा यातायात सञ्जाल स्थापना गर्ने सहमति ।

**मंसिर २३ गते आइतबार**

- नेकपा (माओवादी) द्वारा सात दलबीच नयाँ सहमति नभए एक सातापछि आन्दोलन गर्ने घोषणा ।
- माओवादीका नाममा ५७ करोड रुपैयाँ बेरुजु, लडाकुको संख्या घटेका कारण उनीहरूको नाममा भएको खर्च बेरुजु देखिने अर्थमन्त्रालयको टिप्पणी ।
- पर्यटन व्यवसायीद्वारा सन् २००९ लाई भ्रमण वर्ष घोषणा गर्न माग ।

**मंसिर २४ गते सोमबार**

- गाविस सचिवहरूद्वारा गाविसको काम रोके, मधेसका थप तीन जिल्लामा गाविस सचिवको संयुक्त राजीनामा ।
- राष्ट्रिय प्रजातन्त्र पार्टीको महाधिवेशनमा अध्यक्ष राणा निर्विरोध निर्वाचित, पार्टी राजतन्त्र निरपेक्ष रहने ।
- प्रमुख तीन राजनैतिक दल सहमतिनजिक, कांग्रेसले संविधानमा गणतन्त्र राख्न माने माओवादी पूर्ण समानुपातिकको प्रतिशत घटाउन मञ्जुर ।

**मंसिर २५ गते मंगलवार**

- सबैजसो दलका प्रभावशाली मधेसी नेताद्वारा पार्टी परित्याग, स्वायत्त तराईको मागका लागि नयाँ दल गठन गर्ने तयारी ।
- देशको पुजी भारततिर पलायन भएको राष्ट्र बैंकको टिप्पणी, १ वर्षमा ५ अर्ब रुपैयाँ विदेशिएको विज्ञहरूको ठहर ।

**मंसिर २६ गते बुधबार**

- माओवादी सेनाको खर्च सार्वजनिक, माओवादीलाई साढे तीन करोड ऋण लाग्यो ।
- कोरियासँग दोस्रो श्रम सम्झौता, तीन महिनाभित्र नेपालीहरू रोजगारका लागि कोरिया जान थाल्ने ।
- मलेसिया तथा युएईका कम्पनीहरूले नेपालमा थप जहाज उडान गर्ने।

# संघीयताको नयाँ रूप, अरु नयाँ क्षेत्रीय दल जन्मने

**साप्ताहिक समाचार**

काठमाडौं- तराईमा अर्को दल खोल्ने उद्देश्यले नेपालका मुख्य दलहरूबाट केही प्रभावशाली नेताहरू अलग भएपछि काठमाडौंको चिसोमा पनि राजनीति तात्तिएको छ । नेपाली कांग्रेसमा ३३ वर्ष अनवरत संघर्ष गरेका तथा राष्ट्रिय छवि बनाएका महन्त ठाकुरले अचानक सरकार तथा पार्टीलाई समेत आश्चर्यमा पार्दै राजीमाना दिएपछि यो घटना चर्चाको केन्द्रमा छ । ठाकुरसँगै बौद्धिक नेताको पहिचान बनाएका सद्भावनाका हृदयेश त्रिपाठी, नेकपा एमालेको केन्द्रीय समितिमा पुगेका महेन्द्र यादव, राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य रामचन्द्र राय तथा राष्ट्रिय जनशक्ति पार्टीका प्रवक्तासमेत रहेका सर्वेन्द्रनाथ शुक्लले आ-आफ्नो पद र पार्टीबाट राजीनामा दिएपछि यो देशकै शीर्ष समाचार बन्न पुगेको छ । यी नेतासँगै नेपाली कांग्रेसका अनिस अन्सारी, वृषेशचन्द्र लाल, रामचन्द्र कुसवाहले पनि क्षेत्रीय पार्टी गठन गर्न पार्टी तथा संसद्बाट राजीनामा दिएका छन् । उनीहरूसँगै एमालेका श्रीकृष्ण यादवले पनि पार्टी पदबाट राजीनामा दिएका छन् ।

गत सोमबार पत्रकार सम्मेलनमा उपस्थित भएका ती नेताले क्षेत्रीय दल खोल्न आफूहरूले नयाँ गठबन्धन गरेको कुरा बताए । उनीहरूले सबै दलभित्र रहेका धेरैजसो मधेसी नेता आफ्नो गठबन्धनमा सामेल हुने दाबीसमेत गरे । मधेसी गठबन्धनका एक नेताले नेपाली कांग्रेसका विजय गच्छेदार, नेकपा माओवादीका मातृका यादवसहित सबै दलका प्रभावशाली मधेसी नेता उक्त गठबन्धनमा सामेल हुने दावी गरेका छन् । यद्यपि गच्छेदार तथा यादवले यस विषयमा कुनै प्रतिक्रिया जनाएका छैनन् । नेपाली कांग्रेसका सांसद जयप्रकाशप्रसाद गुप्ताले भने उक्त गठबन्धनलाई आफ्नो सहयोग रहेको स्वीकार गरेका छन् । मधेसी गठबन्धनले सबैजसो दलबाट मधेसी नेता बाहिरिन लागेको सङ्केत दिएपछि सम्बन्धित दलहरूले आन्तरिक सोधपुछ प्रारम्भ गरेको बताइएको छ । यसलाई प्रमुख दलहरूले चिन्ताजनक वहिर्गमन बताएका छन् ।

नयाँ मधेसी गठबन्धनका नेताहरूले सरकार, दल तथा यसका नेताहरूले मधेसी जनताको हितमा प्रत्यक्ष देखिने कुनै काम नगरेकाले त्यस्तो अकर्मण्यताको अन्त्यका लागि नयाँ दल खोल्न लागेको बताएका छन् । आफ्नो प्रेस विज्ञप्तिमा उक्त समूहले मधेसी जनमानसले शान्ति, समृद्धि तथा सम्मान खोजेकाले त्यसको परिपूर्तिका लागि नयाँ दलको आवश्यकता भएको उल्लेख छ । स्वायत्त मधेसको नारालाई कार्यान्वयन गर्न पनि क्षेत्रीय दलको आवश्यकता रहेको गठबन्धनका नेता महन्त ठाकुरले बताएका छन् । नेपालमा अहिले कुनै पनि निकायको प्रमुख मधेसी नभएको चर्चा गर्दै ठाकुरले भने- 'मधेसीहरूको आफ्नै सरकार, प्रशासन, अदालत होस् भन्ने उद्देश्यले स्वायत्त प्रदेशको मागका लागि हामी नयाँ क्षेत्रीय दलको अवधारणामा अगाडि आएका हौं ।'

मधेसी गठबन्धनलाई सहयोग गरिरहेका जयप्रकाशप्रसाद गुप्ताले क्षेत्रीय दलको निर्माण हुनु देशका लागि सकारात्मक भएको बताएका छन् । 'यसले संविधानसभामा संघीयताको ग्यारेन्टी गर्छ ।' गुप्ता भन्छन्- 'अहिले मुखले मात्र संघीयताको कुरा गरिएको छ, क्षेत्रीय दलको गठनपछि त्यो कार्यान्वयनमा आउँछ ।' अर्कातर्फ प्रमुख दलका नेताहरूले भने क्षेत्रीय दलको गठनले राष्ट्रियताको मुद्दा कमजोर हुने बताएका छन् । कुनै निश्चित विचारका आधारमा यो गठबन्धन भएको देखिँदैन माओवादीका प्रवक्ता कृष्णबहादुर महरा भन्छन्- 'जातका आधारमा, क्षेत्रका आधारमा, भाषाका आधारमा मात्र दल गठन हुँदा त्यसले राष्ट्रियतालाई कमजोर पार्छ ।'

नेपालमा २०१० सालमा वेदानन्द झाले तराई कांग्रेस नामक क्षेत्रीय दलको स्थापना गरेको इतिहास छ । त्यसपछि नेपाली कांग्रेसबाट राजनीति प्रारम्भ गरेका गजेन्द्रनारायण सिंहले तराईको राजनीतिलाई केन्द्रबिन्दुमा राखेर नेपाल सद्भावना पार्टीको स्थापना गरेका थिए । त्यसपछि नेपालमा गणतन्त्रवादी मधेसी नेताको छवि बनाएका रामराजाप्रसाद सिंहले पनि तराई केन्द्रित दलको आवश्यकताको वकालत गर्दै आएका छन् । तराईलाई केन्द्रमा राखेर मधेसी जनअधिकार फोरमले पार्टी दर्ता गरिसकेको छ भने उक्त समूहबाट छुट्टिएको मधेसी जनअधिकार फोरम (विश्वास समूह) ले पनि छुट्टै दल दर्ता गर्ने बताएको छ ।

त्यसबाहेक तराईमा सशस्त्र विद्रोहमार्फत जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत), जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह), जनतान्त्रिक तराई मुक्ति मोर्चा (विस्फोट समूह), संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा, तराई मुक्ति मोर्चा, मधेसी टाइगर्स, मधेस स्पेसल फोर्स, तराई डिफेन्स आर्मी, कोब्रा समूहलगायत नाम कम सुनिएका थप केही समूहले तराईकेन्द्रित राजनीति गरिरहेको दावी गरेका छन् । विश्लेषकका अनुसार महन्त ठाकुरको अध्यक्षतामा बन्ने नयाँ पार्टीमा तराईकेन्द्रित राजनीति गरिरहेका धेरैजसो समूह मिल्ने सम्भावना छ । त्यसैगरी सद्भावना पार्टीबाट छुटेका राजेन्द्र महतोको क्षेत्रीय दललाई साथ दिन मधेसी जनअधिकार फोरमलगायत केही सशस्त्र समूह राजी भएका छन् । त्यसबाहेक सशस्त्र संघर्ष गरिरहेका केही समूह भने कुनै पनि दलसँग मिल्ने सम्भावना छैन ।

**दूरगामी प्रभाव**

सात दलभित्रको सत्ता हानाथाप, षड्यन्त्र एवं लोकतन्त्रविरोधी क्रियाकलापका कारण क्षेत्रीय दल खुलेको स्वयं मधेसी नेताहरूले बताएका छन् । मंसिरमा निर्वाचन हुन नसक्नु, मधेस आन्दोलनका म्यान्डेट तथा सम्झौतालाई कार्यान्वयन नगर्नुले पनि क्षेत्रीय दल खुलेको नेता हृदयेश त्रिपाठीले साप्ताहिकसँग बताए । माओवादीका क्रियाकलापका कारण जनतामा सात दलप्रति आउन थालेको अविश्वासका कारण पनि अर्को दलको आवश्यकता भएको उनीहरूको दावी छ । यद्यपि यस्तो क्षेत्रीय दल खुल्नुमा भारतको हात हुन सक्ने अनुमान प्रमुख दलका नेताहरूले गरेका छन् । सात दलका केही नेताले क्षेत्रीय दलहरूमार्फत् भारतले नेपालको राजनीतिमा थप प्रभाव जमाउन चाहेको अनुमान गरेका छन्।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले विदेशीको सुझावलाई बेवास्ता गर्दै आफ्नै हिसाबले राजनीति अघि बढाएका कारण त्यसलाई चुनौती दिन पनि प्रभावशाली नेताहरूबाटै क्षेत्रीय दल जन्माइएको बताइन्छ । माओवादीसँग भारतको सम्बन्ध चिसिनुलाई पनि नयाँ दल जन्मनुको कारण मानिएको छ । यद्यपि यो कुरालाई नयाँ गठबन्धनका नेताहरूले अस्वीकार गरेका छन् । नयाँ दल खुल्नुमा भारतीय सहयोग देख्नु मधेसीलाई फुटाउने तथा सधैंभरि आफूमात्र सत्तामा रहने चालबाजी मात्र हो, नेता हृदयेश त्रिपाठी भन्छन्- 'अहिलेसम्म प्रमुख दलका नेताहरूले मधेसीका बारेमा चिल्ला कुरा मात्र गरे, काम गरेनन् । त्यसैको प्रतिफल यो नयाँ दल हो । यसले नेपालको राजनीतिमा दूरगामी प्रभाव छाड्नेछ ।'

विश्लेषकहरूले पनि क्षेत्रीय दल गठन हुन थाल्नुलाई नेपालको राजनीतिमा दूरगामी प्रभाव पार्ने कार्य मानेका छन् । यसले मधेसमा मात्रै कम्तीमा दुईवटा सशक्त क्षेत्रीय दल खुल्ने अनुमान गरिएको छ भने पहाडी क्षेत्रमा पनि जातीय आधारमा केही दल खुल्ने अनुमान गरिएको छ । यसले अहिले नेपालमा देखिँदै आएको केन्द्रीकृत राजनीतिको पूर्ण रूपमा अन्त्य हुने सम्भावना बढेको छ ।

## सम्पादकीय
# धैर्यको परीक्षा

अहिले नेपाली जनता इतिहासकै कठिन मोडमा छन् । अहिले नेपालमा सामान्य जीवन निर्वाहका लागि आवश्यक हरेक कुराको अभाव छ, । जे जति उपलब्ध छन् तिनको मूल्य पनि नेपाली जनताको क्रयशक्तिको पहुँचमा छैनन् । अहिले अधिकांश नेपाली बाँच्नका लागि संघर्ष गरिरहेका छन् । सुनौलो भविष्यका लागि बचत टाढाको कुरा भएको छ । आम जनताको दैनिकी यस्तो भए पनि उनीहरू अहिले मुलुकको आर्थिक तथा राजनैतिक दुरावस्थाले चाँडै नै कोल्टो फेर्नेछ भन्ने आशाका साथ आफ्नो आँखा राजनैतिक दलहरूतर्फ गाडिरहेका छन् तर राजनैतिक दलहरूले जे जस्ता नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गरिरहेका छन् त्यसले आम जनतामा घोर निराशा छाएको छ । मुलुकका नीति–नियमहरू एकातिर छन् भने राजनैतिक दलहरूको एजेन्डा अर्कातिर छ । सरकारमा बस्ने र सरकारबाहिर रहने दुवैथरी दलहरू अहिले व्यावहारिक रूपमा जनताको मन जित्न असफल देखिन्छन् । यस्तो अवस्थामा मुलुकले अझै कति दुर्गति व्यहोर्नुपर्ने हो कसैले अनुमान गर्न सक्दैन ।

भनिन्छ राजनीति सफल भयो भने सबै कुरा क्रमबद्ध रूपमा सफल हुँदै जान्छ । कुनै पनि मुलुकको आर्थिक विकास तथा सामाजिक सुव्यवस्था त्यो मुलुकको राजनैतिक स्थिरता र प्रतिबद्धतासँग गाँसिएको हुन्छ तर हाम्रो सन्दर्भमा जनता धैर्यशील भए पनि राजनैतिक दलहरूले मुलुकका कुनै पनि समस्यालाई सामयिकरूपमा निकास दिन नसक्दा जनताको धैर्य दिनप्रतिदिन कमजोर हुँदै गएको छ । राजनैतिक दलहरू अहिले जनआन्दोलन–२ बाट नेपाली जनताले सबै किसिमका अधिकारहरू आफूलाई सुम्पिएको भ्रममा राजनीतिको दुरुपयोग गर्न व्यस्त देखिन्छन् । जनआन्दोलनले दिएको म्यान्डेटअनुसार सात राजनैतिक दल र माओवादीहरू समेतले अहिलेसम्ममा मुलुकलाई संविधानसभामार्फत् नयाँ संविधान बनाएर राजनैतिक जटिलताबाट मुक्त गराइसक्नु पर्थ्यो तर त्यसो हुन सकेन । राजनैतिक दलहरूले संविधानसभालाई समेत आफ्नो स्वार्थअनुकूल व्याख्या गरेर जनताको पहिलो राजनैतिक अधिकारमाथि कुठाराघात गरे । यो स्थितिसम्म आइपुग्दा पनि नेपाली जनताको धैर्यको बाँध फुट्न सकेको छैन । जनताको यही कमजोरीलाई राजनैतिक दलहरूले आफ्नो उपलब्धिका रूपमा व्याख्या गर्नु मुलुकका लागि थप दुर्भाग्य भएको छ ।

समय अझै धर्किसकेको छैन । अझै पनि राजनैतिक दलहरूले जनआन्दोलन–२ को म्यान्डेटअनुसार जनताका अधिकारहरूलाई सम्बोधन गर्ने बाटो फराकिलो पार्नुपर्छ । यो काममा राजनैतिक दलहरूले जति ढिलाइ गर्छन् त्यति नै मुलुकका लागि दुर्भाग्य हुनेछ । यस्तो दुर्भाग्य ननिम्त्याउन राजनैतिक दलहरूले तत्काल आम जनताका समस्याहरूलाई सम्बोधन गरेर मुलुकलाई चाँडोभन्दा चाँडो यथास्थितिबाट निकास दिन पहल गर्नुपर्छ अन्यथा जनताको धैर्यको बाँध फुट्यो भने को कहाँ हुनेछ त्यसको लेखाजोखा इतिहासले गर्नेछ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पत्रिकाहरु पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### साँघुरा सडक

नेपालका सडक अति नै साँघुरा भएको कुरा त यात्रुवर्गलाई थाहै छ, यद्यपि यस विषयमा सरकार वा सम्बन्धित निकायहरू मौन छन् । सडकका लागि कर असुल्ने अनि सडक सुधारका निम्ति कुनै कार्य नगर्ने काम लज्जास्पद छ । भर्खरै मात्र म केही विदेशी साथी लिएर पोखरा घुम्ने उद्देश्यका साथ काठमाडौंबाट बिहानै बसमा हिंडें । हामी आदमघाटनजिक पुगेपश्चात् गाडी रोकियो । पछि बुझ्दा थाहा भयो– एक जना मानिसलाई गाडीले ठक्कर दिएर मारेका कारण त्यहाँ अघिल्लो बेलुका बजेदेखि नै स्थानीय बासिन्दाले बन्द गराएका रहेछन् । भोलिपल्टसम्म त्यो घटनाका सम्बन्धमा कसैले पहल नगरेका कारण बाटो खुल्न नसकेको कुरा थाहा भयो । झन्डै चार घण्टापछि बल्ल बाटो खुलेकाले साँझ परेपछि मात्र हामी पोखरा पुग्यौं । पोखराबाट फर्किएर काठमाडौं आउने क्रममा थानकोटमा जामका कारण राति नौ बजे मात्रै काठमाडौं छिर्‍यौं । मेरा विदेशी मित्र मलाई सल्लाह दिँदै थिए– तिमीहरूको सडक एउटा मात्रै भयो, त्यसैले कम्तीमा पनि थानकोटदेखि काठमाडौं आउने एउटा बाटो र जाने अर्को बाटो भएको खण्डमा जाम कम हुन्छ ।

**–रेशमकुमार सुनुवार, काठमाडौं**

### अभाव सुरक्षित पार्कको

विनिता र सन्तोषबीच चिनजान भएको धेरै भएको छैन । अध्ययनको सिलसिलामा छ महिनाअघि काठमाडौं आएकी विनिता एक इन्सिच्युटमा प्रशिक्षकका रूपमा कार्यरत सन्तोषबीच प्रेमको टुसा पलाउन पुग्यो । उनीहरू अहिले डेटिङका लागि उपयुक्त स्थानको खोजीमा छन् ।

शान्ति र किशोर माया साटासाट गर्ने उपयुक्त पार्क काठमाडौंमा नभएकाले बिदाको दिन नगरकोट जान्छन् । काठमाडौंमा भएका पार्कहरू क्षणिक भेटघाट र छोटो समयका लागि उपयुक्त भए पनि प्रेमी-प्रेमिकाका लागि सुरक्षित छैनन् । यो अधिकांश युवायुवतीको साझा समस्या बन्न पुगेको छ । त्यसैले अधिकांश प्रेमी-प्रेमिका क्याफेमा गएर माया साटासाट गरिरहेका भेटिन्छन् ।

थानकोटस्थित त्रिभुवनपार्क एकान्तमा भएकाले धेरैजसो युगल जोडी त्यहाँ पुग्छन् । उनीहरू प्राकृतिक रूपले सुन्दर, हरियालीले भरिएको एकान्त नै मन पराउँछन् । भेटघाट गर्ने, घुम्ने, मनोञ्जन एवं पिकनिक खाने सबैभन्दा सजिलो ठाउँका रूपमा बालाजु पार्कलाई लिने गरिएको छ । पिकनिक स्पट, गफ गर्ने चौतारी र पौडी खेल्ने, स्वीमिङ पुलको सुविधासमेत भएकाले बालाजु पार्क युवायुवतीको रोजाइमा पर्ने गरेको छ । यी पार्कहरूमा प्रेमलाप गर्ने जोडीहरूका क्रियाकलापलाई लुकेर चियाउनेहरूले युवायुवतीलाई लुट्ने, पिटेर धपाइदिने घटना बारम्बार हुने गरेका छन् । फलस्वरूप यी पार्कहरू अपेक्षाकृत सुरक्षित छैनन् । डेटिङविनाको प्रेम नीरस हुन्छ । त्यसैले काठमाडौंमा रहेका पार्कहरूमा उपयुक्त सुविधा र सुरक्षा हुनु आवश्यक भैसकेको छ ।

**–विनोदप्रसाद जोशी**

### आर्थिक क्रान्तिको खाँचो

कृषिप्रधान देश नेपाललाई फेरि कृषिक्षेत्रमा बढी लगानी गरी खाद्यवस्तुमा आत्मनिर्भर तुल्याउन सरकार जागरूक हुनुपर्‍यो, जलस्रोतलाई विकसित गरी सबै क्षेत्रमा सुलभ मूल्यमा उपयोग गर्न सक्ने वातावरण गर्नुपर्छ । यतिबेला नेपाल सरकारले सबै क्षेत्रका व्यक्तिलाई समेटेर आर्थिक क्रान्तिको आवाज फुक्ने बेला आइसकेको छ । जब मानिस आफूले कमाउने क्षमतामा पुग्नेछ, तब उसले आफ्नो परिश्रम र पसिनाको मूल्य थाहा पाउनेछ, जसले गर्दा नेपाल सरकारलाई के सन्देश छ भन्ने समय, परिस्थिति, अवस्था हेरेर शान्त वातावरणमा उचित लगानी युवाशक्ति परिचालन गरी आर्थिक क्रान्ति गर्ने बेला आएको छ ।

**–राम, श्याम, धनश्याम दुबइ, युएई**

### गोडा ढोग्नुको वास्तविकता

छोराछोरीले आमाबाबुलाई, बुहारीले सासू-ससुरालाई र अरू शिष्य आदिले गुरुको गोडा किन ढोग्छन् ? उनीहरू यसकारण आफ्नो गोडा छुवाउँछन् कि गोडा छुने व्यक्तिको मनमा नम्रता र श्रद्धाका गुणहरू विकसित हुन् । सानाले आफूभन्दा ठूला मानिसलाई मान्न सिकून् । यसरी ठूलाबडालाई मान्नु राम्रो कुरा हो, अरूलाई इज्जत दिँदा कहिल्यै आफ्नो बेइज्जत हुँदैन बरु उल्टै अहंकार नाश हुन्छ । मान्यजनहरू अपेक्षित इज्जत पाएर हामीप्रति उचित सद्भाव बनाउँछन् । कसैप्रति श्रद्धा राख्नाले हामीलाई केही न केही प्राप्त भैरहेको हुन्छ । नम्र हुनका लागि टाउको, हात, गोडा, हृदय, आँखा, जाँघ, बोली, मनजस्ता आठै प्रकारबाट जमिनमा लम्पसार परेर गरिने साष्टाङ्ग प्रणामको विशेष महत्त्व छ, तर यदि कसैको पाउ पुज्दा मनमनै गाली गरिन्छ भने यस्तो नाटकले असल मानिस बन्न दिँदैन ।

आधुनिकताको नाममा हिजोआज गोडा छुने, छुवाउने चलन हट्दै गएको पाइन्छ । यदि मनमा कसैप्रति श्रद्धा छ र मान्यजनले पनि गोडा छोएको मन पराउँदैनन् वा विश्वास गर्दैनन् भने इमान्दारीका साथ नमस्कार गरेर आदरभाव प्रकट गर्न सकिन्छ । कसले, कहाँ, कसरी खुट्टा ढोग्छ वा ढोगाउँछ- त्यसको हिसाबकिताब आवश्यक छैन ।

**–रामहरि बञ्जारा**

## तीतो सत्य

• संघर्ष नै हो जीवन, मुकाविला गर, नबन तिमी थकित, संघर्षभित्र नै लुकेको हुन्छ तिम्रो सफलताको अतीत ।

• ध्यान गर, ज्ञान प्राप्त हुन्छ ज्ञानले विज्ञान जन्माउँछ ।

• दुःखमा परेका बेला एक्लो छु भनेर दुःखी नबन, तिम्रो दुःखमा सधैं ईश्वरको साथ हुन्छ ।

**साजन सुब्बा, केराबारी मोरङ**

• परेको ठाउँमा नबोली बस्नु र आइपरेको काम नगर्नु भनेको अरूलाई मौका दिनु हो ।

**पद्मा सिटौला**

• प्रेमको परिभाषा दिन कोही थाक्दैनन् तर प्रेमको व्यवहार देखाउँदा थाक्छन् ।

• मानिसले सबै कुरा संसारमा देख्ला तर आफ्नो अनुहार आफै देख्न सक्दैन ।

• मानिसको मनको कुरा कसले बुझ्छ र ? ईश्वरले, कि त स्वयम् आफैले मात्र बुझ्छ ।

• हरेक कुराको समय छ र पनि आफ्नो मृत्युको समय पत्ता लगाउन सकिँदैन ।

**कौशल देवकोटा, बर्दिबास**

• गल्ती हुनु ठूलो कुरा होइन, गल्ती पहिचान गरी भविष्यमा त्यसलाई दोहोरिन नदिनु ठूलो कुरा हो ।

• व्यक्तिको एउटा नराम्रो गुणले उसका कयौं राम्रा गुणलाई बिर्साउन सक्छ ।

• राम्रो कुरा शत्रुबाट पनि सिक्नुपर्छ ।

**कल्पना प्रजापति, भक्तपुर**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## मुख्वाले

मधेसीलाई सिडियो, राजस्वका प्रमुख तथा प्रहरीको हाकिम बनाउन पनि नयाँ दलको आवश्यकता भएको हो ।

**महन्थ ठाकुर, मधेसी नेता**

महन्त ठाकुरजस्तो राष्ट्रिय व्यक्तित्वले राष्ट्रिय चिन्तन गर्ने बेलामा राष्ट्र टुक्राउने बाटो हिँड्नुले उहाँलाई कसैले षड्यन्त्रको सिकार बनाएको प्रस्ट देखिन्छ ।

**डा. रामवरण यादव**
**महामन्त्री, नेपाली कांग्रेस**

चैतसम्ममा संविधानसभाको निर्वाचन नभए नेपालमा विदेशी सेना भित्रिने सम्भवाना छ ।

**डा. शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**

म अब निर्वाचनका बारेमा अन्तिमपल्ट बोल्छु, त्यो के भने चैतमा निर्वाचन हुन्छ ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

प्रचण्डको भर्खरै आएको अभिव्यक्तिले उहाँले राष्ट्रवादीलाई चिन्नुभएको सङ्केत गर्छ, त्यसैले प्रचण्ड राष्ट्रवादी नेता हुन् ।

**प्रकाश कोइराला, शाही मन्त्री**

तराईका सशस्त्र समूहलाई राजाले परिचालन गरेका हुन् भन्ने कुरा गलत प्रमाणित भैसकेको छ ।

**विरोध खतिवडा**
**सांसद, नेकपा एमाले**

तराईको समस्या समाधान गर्ने निहुँमा सेना परिचालन गरिए पृथक्तावादी आन्दोलन प्रारम्भ हुन्छ ।

**हृदयेश त्रिपाठी, मधेसी नेता**

नेपालको राजनीति डामाडोल भएको छ, लुछाचुँडीको राजनीतिले यो बाँदरको हातमा नरिवल भएको छ ।

**गौरी मल्ल, नायिका**

## नीति-नियम

हरिण, हात्ती, पुतली, भँमरा, माछा यी पाँच क्रमशः शब्द, स्पर्श, रूप, गन्ध तथा रस पाँच विषयको उपभोग गर्न खोज्दा मारिन्छन् । जस्तै– हरिण मीठो स्वर भएको गाना सुन्ने प्रलोभनमा फस्दा नभागेर सिकारीको हातबाट मारिन्छ । हात्ती ढोइ हात्तीको स्पर्शमा आसक्त भै नभागेका कारण पकडिन पुग्छ र बाँधिन्छ । पुतली बत्तीको उज्यालोमा सुन्दर रूप देखेर उन्मत्त हुँदाहुँदै त्यहीं खसेर मर्छ । भँमरा कमलको फूलको वास्नामै भुलेर रहनाले कमलको फूलभित्रै बन्द भएर मर्छ । माछा मासुको स्वाद लिँदालिँदै बल्छीको काटामा अल्झिएर मर्न पुग्छ ।

स्त्री, बालक, रोग, नोकर, पशु, धन, विद्याभ्यास, सज्जन व्यक्तिको सेवा यी सबै विषयमा एक क्षण पनि उपेक्षा (हेला) गर्नु हुँदैन । सधैंभरि यी सबैको ख्याल राख्नुपर्छ ।

जुन स्थानमा रिसाहा, मूर्ख, दुस्साहसी आदि रहन्छन् उक्त स्थानमा एक दिन पनि बस्नु हुँदैन । अन्नको निन्दा कहिल्यै गर्नु हुँदैन ।

धेरै मानिसले परस्त्रीसँग प्रेम गरेर आफ्नो विनाश गरेका छन् । उदाहरणका लागि इन्द्र, दण्डक्य, नहुष तथा रावण प्रसिद्ध छन् ।

-शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## साइबर गर्ल

# नवाङ लामा

घरमा उनलाई नावा भनेर बोलाइन्छ । १३ अक्टोबर १९८० मा हेलम्बुमा जन्मिएकी नावा हाल न्युयोर्क अमेरिकामा बस्दै आएकी छिन् । पौडी खेल्न, घुम्न तथा नृत्य गर्न रुचि राख्ने नावा नेपाली भएकोमा गर्व गर्छिन् । आकर्षक उचाइकी धनी नावा कुशल नृत्याङ्गना पनि हुन् । क्याजुअल ड्रेसमा आफूलाई सहज महसुस गर्ने नावा हत्तपत्त कसैलाई विश्वास गर्दिनन् । नावाका अनुसार उनी भगवान् र आफैंप्रति मात्र विश्वास गर्छिन् । ५ फिट ६ इन्च अग्ली नावाको शारीरिक बनावट ३४x२५x३४ छ । नावा परिवार र साथीहरूमाझ पर्याप्त मनोरञ्जन गर्छिन् । विभिन्न पार्टीमा साथीहरूलाई साथ दिन उनी हल्का ड्रिङ्क्स गर्छिन् । पौडी र जेट्स्की उनलाई मन पर्ने खेल हुन् । नावा जीवन र मृत्युदेखि डराउँछिन् । नावा भन्छिन्- 'तर यी दुवै शाश्वत सत्य हुन् ।' कसैलाई घृणा नगर्ने नवाङ अहिलेसम्मको जीवनमा पछुताउनुपर्ने कुनै काम नगरेको बताउँछिन् । उनलाई मन पर्ने स्थान आफ्नै जन्मथलो हेलम्बु हो भने मन पर्ने रङ हरियो ।

'बोरिङ' मानिससँग समय बिताउनुपर्दा उनलाई नरमाइलो लाग्छ । गरिब बालबालिका तथा टुहुराहरूलाई देख्दा उनको मुटु द्रवित हुन्छ । भविष्य ? भन्ने प्रश्नमा उनी भन्छिन्- 'त्यो जिम्मा भगवान्लाई, उनैले सृष्टि गरेका हुन् त्यसैले उनको जस्तो योजना छ, म त्यसैमा डोरिएर हिड्छु ।'



## सहर चर्चा



# मिस टुरिज्म क्विन पाला गुरुङ

मिलेको जीउडाल र अग्ली पाला गुरुङले मोडलिङ तथा फेसनको क्षेत्रमा आफूलाई परिचित गराइसकेकी छिन् । पाला मिस टुरिज्म इन्टनेसनल क्विन ब्युटीकन्टेस्ट प्रतियोगितामा पोखराबाट छानिएकी एक मात्र सुन्दरी हुन् । उनले प्रतियोगितामा सेकेन्ड रनर–अपको उपाधि आफ्नो पोल्टामा पारिन् । २४ वर्षीया पालाले पहिलो पटक सन् २००४ मा पोखरामा सम्पन्न एवान पोखरा क्विनमा सहभागी भएर फस्ट रनर–अपसँगै मिस पर्सनालिटी र बेस्ट ड्रेसको टाइटल पनि जितेकी थिइन् । राष्ट्रबैंक चोक पोखराकी स्थायी बासिन्दा पालाले नेपाल टुरिज्म एन्ड होटल म्यानेजमेन्ट कलेजबाट स्नातक उत्तीर्ण गरेकी छिन् । उनको लक्ष्य पर्यटनको क्षेत्रमा लागेर उदाहरणीय महिला बन्ने छ । नयाँ–नयाँ परिकारको स्वाद लिन यात्रा गर्नु तथा लङ टेनिस खेल्नु उनका रुचिका कुरा हुन । फरासिली र मिजासिली स्वभावकी पालाको बोलीले सबैलाई भुतुक्कै बनाउँछ । पाला युनाइटेड नेसन वर्ल्ड टुरिज्म अर्गनाइजेसनमार्फत नेपाल टुरिज्म एम्बेसडरका रूपमा नेपालबाट छनौट भएर चीनमा जान पाउनुलाई आफ्नो जीवनको महत्त्वपूर्ण क्षण मान्छिन् ।

## हाम्रो नेपालमा

### शिक्षकलाई जुत्ताको माला

मादकपदार्थ सेवन गर्ने, लामो समयसम्म विद्यालयबाट बेपत्ता हुने शिक्षकबाट अभिभावकहरू पीडित हुनु स्वाभाविक हो । यस्तो पीडाबाट मुक्ति पाउने उपाय धादिङ जिल्लाको त्रिपुरेश्वर गाविसका अभिभावकले निकालेका छन् । मादक पदार्थ सेवन गरेर विद्यालयबाट बेपत्ता हुने त्रिपुरेश्वर गाविसको सिउरेनीस्थित युवा प्राथमिक विद्यालयका प्रधानाध्यापक बुद्धिप्रसाद धरेललाई स्थानीय अभिभावकले जुत्ताको माला लगाई हात पछाडि बाँधेर जिल्ला सदरमुकाम धादिङबेसी बजार प्ररिक्रमा गराई कारबाही गरेका छन् । धरेललाई पटक-पटक सम्झाउँदा पनि अटेर गरी विद्यालय नगएकाले त्यस्तो कारबाही गरिएको बताइएको छ । अहिले अभिभावकहरूले शिक्षक धरेलविरुद्ध जिल्ला शिक्षा कार्यालयमा उजुरीसमेत दिएका छन् । शिक्षा कार्यालयले पनि शिक्षक धरेललाई कानुनी कारबाही गर्ने वचन अभिभावकहरूलाई दिएको छ ।

### अध्यक्षकै छोराछोरी...

'जो अगुवा उही...' यो नेपाली उखान नसुन्ने कमै होलान् तर यही उखान अहिले दोलखा जिल्लाको खोपाचाँगुका गाविसका सार्किमान थामीमा लागू भएको छ । थामी स्थानीय विद्यालय व्यवस्थापन समतिका अध्यक्ष तथा गाविसका पूर्वअध्यक्ष हुन् । गाउँका सबै बालबालिकालाई विद्यालय पठाउन सम्बन्धित अभिभावकलाई प्रेरित गर्नुपर्ने थामीकै छोराछोरीहरू विद्यालय जाँदैनन् । उमेर पुगिसकेका उनका आठ छोराछोरीमध्ये एक जना मात्र पढ्न जान्छन् । थामी समुदायका अगुवा सार्कीमानका बाँकी छोराछोरीले विद्यालयको मुखसमेत देख्न पाएनन् । थामी भन्छन्- घरको काम र मेलापातको चटारोले उनीहरूलाई पढाउन सकिएन । स्थानीय कालिन्चोक प्राथमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष सार्कीमानका मात्र नभै उक्त गाउँका उमेर पुगेका झन्डै डेढ सय बालबालिका विद्यालयमा भर्ना समेत भएका छैनन् । उक्त गाउँबाट अहिलेसम्म एक जनाले पनि एसएलसी उत्तीर्ण गरेका छैनन् । गरिबी तथा चेतनाको अभावले विद्यालय व्यवस्थापन समतिकै कतिपय सदस्यले उमेर पुगेका आफ्ना नानीहरूलाई विद्यालय भर्ना नगरेको बताइएको छ ।

### र अन्तमा...

लमजुङ जिल्लाको भारते गाविसमा उत्खननपश्चात् पुरातात्त्विक महत्त्वको चट्टान फेला परेपछि उक्त चट्टानलाई प्राकृतिक देवता भएको विश्वासमा पूजा गर्ने लहर नै चलको छ । भारते गाविस वडा नम्बर-५ झगारेगाउँनिवासी ५५ वर्षीया रूपीमाया गुरुङले उत्खनन गर्दा फेला परेको उक्त चट्टान चमत्कारी भएको बताइएको छ । विगत १७ वर्षदेखि मानिसले छुनासाथै कामेर मुर्छा पर्ने समस्याबाट पीडित रूपीमायाले उत्खनन गरी उक्त चट्टान निकालेपछि अहिले उनी निको भएको बताइएको छ । रूपीमायालाई सन्चो भएपछि स्थानीय गाउँलेहरूले उक्त चट्टानमा प्राकृतिक देवताको बसोबास भएको विश्वास गर्न थालेका हुन् ।

### सुक्दैछ गन्धर्वको गला र कला


तस्वीर : नवराज बाग्ले

बाँके-कुलबहादुर गन्धर्वले सारङ्गी बजाउँदै हिंडेको तीस वर्षभन्दा बढी भैसकेको छ । यति लामो समय संलग्न भएर पनि अचेल सारङ्गी रेट्दै हिंड्न कुलबहादुरलाई खल्लो लाग्न थालेको छ । सारङ्गी बजाउँदै हिंड्ने पुर्ख्यौली पेसा अहिले आएर छाड्ने मनःस्थितिमा पुगेको उनी बताउँछन् । बाँकेको नौबस्ता गाउँ विकास समिति वडा-२, पितमारीका कुलबहादुर आफ्नो पुर्ख्यौली पेसाबाट पन्छिने सोचमा त्यसै पुगेका होइनन् । गाइनेको गला र सारङ्गीको धुनको साटो आधुनिक र आयातित गीत, संगीततर्फ मानिसहरूको रुचि बढेको अनुभव गरेपछि कुलबहादुर पेसा परिवर्तनको निधोमा पुगेका हुन् । कुलबहादुर भन्छन्- 'बाबु बाजेले गर्दै आएको पेसा त्यत्तिकै किन छाडौं भन्ने सोचाइले हिंडेको थिएँ, तर समय बेग्लै भैसकको रहेछ । बरु यो भन्दा गाउँघरमै मजदुरी गरेर जीविका चलाउन ठीक मानें मैले ।'

उमेरले ४८ टेकेको कुलबहादुर पुर्ख्यौली पेसा ढुक्क भएर अँगाल्न नपाउँदा जति दुःखी छन्, गाइनेका गीतसंगीत ग्रामीण क्षेत्रमा पहिलेजस्तो गुञ्जिन छाडेकोमा उत्तिकै चिन्तित पनि छन् । सारङ्गी बजाउँदै हिंड्ने कामप्रति खिन्नता हुनुको कारणबारे अझ प्रस्ट्याउँदै कुलबहादुर भन्छन्- '०५२ सालदेखि मुलुकमा जतातत्तै चलेको द्वन्द्वले हैरान पाऱ्यो, अचेल जथाभावी निस्किएका क्यासेट तथा एफएम रेडियोले जुन बेला पनि जस्तोसुकै गीत संगीत बजाइदिएर हाम्रा स्वर र सारङ्गीको धुनलाई झिंझो लाग्ने बनाइदिएका छन् ।'

पुराना दिन सम्झँदै उनी थप्छन्- 'आम्दानी घट्दै गएपछि मन लाग्न पनि छाड्ने भैहाल्यो । पहिले बुटवल, भैरहवादेखि पश्चिम महेन्द्रनगरका छेउछाउ गाउँतिर समेत सारङ्गी रेट्दै गीत गाउँदै हिंड्दा दैनिक ९ देखि १० किलो धान, चामल, तरकारी र कम्तीमा ५० रुपैयाँ नगद पनि आम्दानी गरिन्थ्यो, तर अहिले दिनभरी बिताउँदा पनि पचास रुपैयाँ मुस्किलले हात पर्छ ।' आधुनिक गीतसंगीतका कारण युवा पुस्तामा सारङ्गीको धुनप्रति मोह हराउँदै गएकाले पनि पेसाको अस्तित्व ओझेलमा परेको र यसले गन्धर्वहरूलाई पेसाबाट विस्थापनको अवस्थामा पुऱ्याएको गन्धर्वहरू बताउँछन् ।

गन्धर्व उत्थानका लागि स्थापित ग्रामीण जनजाति उत्थान केन्द्र, बर्दियाका अध्यक्ष मानबहादुर बैगार (गन्धर्व) गाइनेको पुर्ख्यौली पेसा पश्चिमेली गीत संगीतका कारण प्रभावित भएको बताउँछन् । दलित सेवा संघका केन्द्रीय कोषाध्यक्ष इश्वरी वि.क. गन्धर्वको पेसा लोपोन्मुख हुनुमा 'सरकारी पक्षको ध्यान नपुग्नु' पनि एउटा कारण भएको उल्लेख गर्छन् । विक भन्छन्- 'मुलुकको अवस्था र आयातित गीत संगीत गन्धर्वको गला र सारङ्गीको धुनलाई छेक्न खोज्ने बलिया कारण हुन् ।

**सौजन्य : 'पर्खाल' बुलेटिन**
**क्षेत्रीय सञ्चार स्रोत केन्द्र, नेपालगन्ज**

## कान्तिपुर समाचार डायरी

### विद्युत् चुहावट बढ्यो

नेपाल विद्युत् प्राधिकरणले चुहावट नियन्त्रणका लागि नयाँ कार्ययोजना सुरु गरे पनि चुहावट रोएिको छैन । नयाँ योजना सुरु गर्नुअघि नेपालमा २४ दशमलव ९४ प्रतिशत विद्युत चुहावट थियो भने योजना सुरु भएपछि २५ दशमलव ७० प्रतिशत विद्युत् चुहावट हुन थालेको छ । विद्युत् चुहावट नियन्त्रणका लागि गत वर्षसम्म ४० हजारभन्दा बढी मिटर रिडिङ हुन नसकेकोमा त्यो संख्या घटेर १६ हजारमा झरेको छ । तर पनि चुहावट नियन्त्रण हुन सकेको छैन । प्राधिकरणसँग अहिले मुलुकभर ४ सय ६० वटा फिडर छन् जसमध्ये १ सय १० वटा फिडर काठमाडौं उपत्यकामै केन्द्रित छन् ।

### सातप्रतिशत गरिबी घटाउने लक्ष्य

सरकारले आगामी ३ वर्षमा मुलुकको गरिबी ७ प्रतिशतले घटाउने नयाँ लक्ष्य निर्धारण गरेको छ । अहिले नेपालमा गरिबीको रेखामुनि ३१ प्रतिशत जनता छन् । यो संख्यालाई २४ प्रतिशतमा झारिनेछ । नेपाल जीवनस्तर मापन सर्वेक्षणका अनुसार विगत ८ वर्षको अवधिमा नेपालमा गरिबीको संख्या ४२ प्रतिशतबाट ३१ प्रतिशतमा झरेको थियो । मानवविकास प्रतिवेदन २०६३ अनुसार गत वर्ष नेपालको मानवविकास सूचकांक शून्य दशमलव ५१३ बाट शून्य दशमलव ५२७ पुगे पनि नेपाल दक्षिण एसियामा सबैभन्दा कम मानवविकास भएको मुलुक हो ।

### विस्थापितको सुरक्षामा २० लाख डलर

माओवादी द्वन्द्वका कारण विस्थापित परिवार तथा बालबालिकाको सुरक्षाका लागि जापान सरकार तथा एसियाली विकास बैंकले नेपाललाई २० लाख अमेरिकी डलर प्रदान गरेका छन् । यो रकम जोखिमपूर्ण तथा द्वन्द्वबाट प्रभावित परिवार र बालबालिकाका लागि सहायता सुदृढीकरण आयोजनालाई उपलब्ध गराइएको हो । आयोजनाको कुल लागत ३० लाख ८० हजार डलर छ । नेपालमा आन्तरिक विस्थापितको संख्या २ लाखसम्म रहेको र त्यसमध्ये ४० हजार बालबालिका भएको एक तथ्यांकले देखाएको छ ।

### नो अब्जेक्सन लेटर लिनेहरू

विदेशमा विभिन्न विश्वविद्यालयमा अध्ययन गर्न नो अब्जेक्सन लेटर लिने नेपाली विद्यार्थीको संख्या लगातार बढिरहेको छ । शिक्षा तथा खेलकुद मन्त्रालयका अनुसार २०५१ सालमा यस्तो पत्र लिनेहरूको संख्या ९ सय ७८ रहेकोमा ०६३ सालमा उक्त संख्या १२ हजार ४ सय २३ पुगेको छ । मन्त्रालयका अनुसार यस्तो पत्र लिनेहरूमध्ये विदेश जानेहरूको तथ्यांक मन्त्रालयसँग नभए पनि ९० प्रतिशतभन्दा बढी विद्यार्थीले त्यस्तो पत्रको सदुपयोग नै गरेका छन् ।

### कोसीटप्पु वन्यजन्तु आरक्षणमा

नेपालमा अर्ना संरक्षणका लागि स्थापना गरिएको १ मात्र वन्यजन्तु आरक्ष कोसी टप्पु वन्यजन्तु आरक्षणमा अहिले १ सय ५९ वटा मात्र अर्ना रहेको आरक्षण कार्यालयले जनाएको छ । स्थापनाकालमा उक्त आरक्षणमा अर्नाको संख्या ६३ मात्र थियो । सन् १९७६ मा ७५ वर्ग किलोमिटर क्षेत्रमा स्थापना गरिएको सो आरक्ष अहिले १ सय ७५ वर्ग किलोमिटरमा फैलिएको छ । आरक्षमा अर्ना वाहेक ३१ प्रजातिका वन्यजन्तु, ४ सय ८१ प्रजातिका चरा, ३४ प्रजातिका सरिसृप, ११ प्रजातिका उभयचर, १ सय प्रजातिका माछा, ७७ प्रजातिका पुतली तथा २१ प्रजातिका किराहरू संरक्षित छन् ।

# पोखरामा राष्ट्रिय औद्योगिक मेलाको रौनक

पोखरा- नयाँबजार पोखराको प्रदर्शनी स्थल अहिले झकीझकाउ छ । नगरवासीहरूको ओइरोले खुट्टा टेक्ने ठाउँसमेत छैन । यहाँको वातावरण भिन्न खालको छ । यो सबै तामझामको कारण भने एउटै छ– गएको साता सुरु भएको नौदिने राष्ट्रिय औद्योगिक व्यापार मेला ।

स्थानीय स्तरमा उत्पादित वस्तु तथा अन्तर्राष्ट्रिय उत्पादनबारेमा एउटै थलोबाट जानकारी गराई बिक्री वितरण गर्ने उद्देश्यले पोखरा उद्योग वाणिज्य संघले मेलाको चाँजापाँजो मिलाएको हो । यतिबेला मेला परिसरमा दर्शकको ओइरोसँगै विभिन्न वस्तु तथा उत्पादनको बिक्री-वितरण पनि व्यापक रूपमा भैरहेको छ । मेलामा ३ सय २५ वटा स्टल छन् ।

मेलामा औद्योगिक उत्पादन, हस्तकला, कृषि, अटो, सूचना प्रविधि, उपभोग्य सामग्री, रेस्टुराँका साथै मनोरञ्जनात्मक इभेन्टहरू र शिक्षा, स्वास्थ्य, बैंकिङ सेवा, पर्यटनसम्बन्धी उत्पादन तथा प्रवर्द्धनात्मक सामग्रीहरू राखिएका छन् । यस पटक मेलामा ब्युटीपार्लरसम्बन्धी स्टल पनि पहिलो पटक समावेश गरिएको छ । गुरुङ हर्बल ब्युटीपार्लरले स्टल नै राखेर ब्युटी केयर एन्ड पर्सानालिटीका बारेमा जानकारी दिइरहेको छ । समापनसम्ममा २ लाखभन्दा बढीले मेला अवलोकन तथा १२ करोडभन्दा बढी कारोबर हुने अनुमान आयोजकहरूको छ ।

मेलालाई उद्यमशीलता सिक्ने ठाउँका रूपमा विकास गर्न आयोजकहरूले मेला अवधिभर हरेक दिन बिहान १० देखि ११ को समयलाई बिजनेस आवरका रूपमा छुट्टयाएका छन् । मेलामा विद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, राष्ट्रिय लोकदोहोरी गायक-गायिकाको जमघटका साथै पपगायक-गायिकाहरूको प्रस्तुतिसमेत छ । यसका साथै बदाम खाने प्रतियोगिता, आइसक्रिम खाने प्रतियोगिता, चिसो पेयपदार्थ पिउने प्रतियोगिताजस्ता प्रतिस्पर्धात्मक कार्यक्रमले मेलामा छुट्टै रौनक थपेका छन् ।

**–शिव शर्मा**

### सकियो घरेलु महोत्सव

**साप्ताहिक समाचार**

काठमाडौं- घरेलु छुर्पी, अचार, तितौरा, मिठाईलगायत स्वेटर, ज्याकेट, टोपी, सजावटका सामग्री आदिको प्रदर्शनीसहित 'घरेलु उद्योग महोत्सव २०६४' सम्पन्न भएको छ । उपत्यकाको भृकुटीमण्डपमा आयोजित उक्त महोत्सवमा डेढ करोड रुपैयाँबराबरको कारोबार भएको आयोजकहरूले जनाएका छन् । सोमबारसम्म सञ्चालित उक्त पाँचदिने महोत्सवमा ४५ जिल्लाका घरेलु उद्योगहरूको सहभागिता थियो । महोत्सवमा १ सय १६ स्टल राखिएका थिए । आयोजकहरूका अनुसार महोत्सव ४५ हजारले अवलोकन गरेका थिए । महोत्सवकै क्रममा राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा ग्रामीण पर्यटन र ग्रामीण ऊर्जा प्रविधि राष्ट्रिय प्रदर्शनी पनि आयोजित गरिएको थियो ।

### धरानमा अनाम महोत्सव

नाट्यक्षेत्रमा सक्रिय भएको २० औं वर्षको अवसरमा अनाम धरान (प्रस्तुत्यकलाहरूको प्रतिष्ठान)ले पुस ५ देखि २५ गतेसम्म विभिन्न कार्यक्रमसहित 'अनाम धरान महोत्सव-२०६४' गर्ने भएको छ । नाटक, नृत्य, संगीत, वृत्तचित्र, चलचित्र, कला, चित्रकला, तस्बिर प्रदर्शनी आदि मनोरञ्जनात्मक कार्यक्रमहरू महोत्सवका क्रममा सञ्चालित हुने अनामले विज्ञप्तिमा उल्लेख छ ।

स्थानीय पब्लिक हाईस्कुलको मैदानमा आयोजना गरिने महोत्सवमा जातीय पहिरन प्रदर्शनीदेखि विभिन्न महोत्सवमा पुरस्कृत वृत्तचित्र तथा चलचित्रहरू प्रदर्शन गर्ने बताइएको छ । आफ्नै वेबसाइट सार्वजनिक गर्ने योजना बनाएको अनामले महोत्सवमा नेपालका ख्यातिप्राप्त हास्यकलाकारहरू जितु नेपाल, शिवहरि पौडेल, किरण केसी, दमन रूपाखेती, गोपाल नेपाल फिस्टे, जीरे खुर्सानी र झ्याइँकुटी झ्याइँ, तीतो सत्य, मेरी बास्सैको युनिटले विशेष प्रस्तुति दिने अनामका निर्देशक राजेन्द्र रिमालले बताए ।

२० दिन लामो महोत्सवमा लत्ताकपडा, विद्युतीय उपकरण, विभिन्न औद्योगिक उत्पादन, खाद्यसामग्रीहरू, सवारी साधनहरू, निर्माण सामग्रीहरूको स्टल पनि राखिनेछ । महोत्सवका क्रममा करिब २ लाख दर्शकले १ हजार ६ सय ५० जना कलाकारको प्रस्तुति अवलोकन गर्ने निर्देश रिमालले बताए । महोत्सव सञ्चालन गर्न करिब १६ लाख २० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

# युएईमा नेपाल पर्यटन तथा व्यापार मेला



युएई– यही ७ र ८ डिसेम्बर २००७ का दिन नेपाल तथा युएईबीच दौत्य सम्बन्ध स्थापना भएको ३० औं वर्षको अवसरमा युएईको दुबईस्थित धोउ प्यालेस होटलमा नेपाल पर्यटन तथा व्यापार मेला सम्पन्न भयो । दुई दिन चलेको उक्त मेलाको आयोजना नेपाली दूतावास युएई, नेपाल पर्यटन विकास बोर्ड, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र एवं नाटोले संयुक्त रूपमा गरेका थिए ।

मेलाको उद्घाटन समारोहमा नेपाली दूतावास यूएईका का.वा. राजदूत मोहनकृष्ण श्रेष्ठले मेलाको मुख्य उद्देश्य युएई विश्वकै एक गन्तव्य तथा व्यापार केन्द्र भएको तथा युएईमा अन्य विदेशी मुलुकका नागरिकहरू बसोबास गर्ने भएकाले नेपाललाई विश्वकै अति सुन्दर प्राकृतिक देशका रूपमा चिनाउनुका साथै नेपालमा उत्पादन भएका हस्तकला, वस्तुकला एवं अन्य सामानहरू विश्वसामु पुऱ्याउनु रहेको बताए । भर्खरै मात्र युएईबाट नेपालमा सीधा उडान थपिएकाले पनि यहाँका पर्यटकहरूलाई नेपाल पुऱ्याउन सजिलो हुने श्रेष्ठले बताए ।

उक्त मेलामा नेपालबाट सोचेअनुसारको उपस्थिति देखिएन । खास गरेर विदेशीहरूका लागि मेला आयोजना गरिए पनि पहिलो दिन र दोस्रो दिन प्राय नेपालीहरूकै घुइँचो थियो । पहिलो दिनको कार्यक्रम शुक्रबार यहाँको लोकल बिदा भए पनि आशा गरेजति विदेशीको उपस्थिति थिएन भने दोस्रो दिन त्यहाँ रहेका स्टलका व्यवसायी तथा ट्राभल्स एजेन्सीहरूले ठूलै आशा गरेका थिए, तर दोस्रो दिन पनि विदेशीहरूको सोचेअनुसारको उपस्थिति नभए पनि यस्तो कार्यक्रमले नेपालको पर्यटक तथा व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको विकासका क्षेत्रमा केही मात्रामा भए पनि राहत पुग्ने अधिकांश सहभागीले बताए ।

मेलामा नेपाली दूतावास युएईका पदाधिकारीहरू, नेपाल पर्यटन बोर्डका निर्देशक, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पदाधिकारी तथा युएईका परराष्ट्र मन्त्रालयका अधिकृतहरूलगायत युएईमा स्थापना भएका नेपाली संघ-संस्थाहरूको सहभागिता थियो । पहिलो दिनको कार्यक्रमको अन्त्यतिर नेपाली लोकसंस्कृति झल्कने गीत तथा नृत्य प्रस्तुत गरिएको थियो भने दोस्रो दिनको कार्यक्रममा नेपाली लोकनृत्य प्रस्तुत गर्न उपस्थित भएका कलाकारहरू निराश भएर फर्कनुपरेको थियो ।



# कम्बाइन स्टडी उचित कि अनुचित ?



विश्वमणि अधिकारी




परीक्षाको आगमनसँगै धेरै विद्यार्थीमा कम्बाइन स्टडी अर्थात् संयुक्त पढाइप्रति आकर्षण बढ्नेछ। यद्यपि कतिपय अभिभावक एवं शिक्षकमा भने कम्बाइन स्टडीप्रति खासै सकारात्मक धारणा पाइँदैन। वास्तवमा सही रूपमा प्रयोग अर्थात् प्रस्ट रूपमा भन्दा दुरुपयोग नगर्ने हो भने संयुक्त अध्ययनका धेरै फाइदा छन्। भनिन्छ, शिक्षण सिकाइ क्रियाकलापमा जसरी शिक्षककेन्द्रित विधिभन्दा विद्यार्थीकेन्द्रित विधिको महत्त्व छ, त्यसैगरी नजिकिँदो परीक्षाका बेला अभ्यासको मौकामा एकल पढाइभन्दा संयुक्त पढाइ सयौं गुणा उत्तम र फलदायी छ।

कम्बाइन स्टडीका बेलामा साथी-साथीमा अनावश्यक कुरा गर्ने सम्भावना बढी हुन्छ भनेर यसको आलोचना गरिन्छ, तर बुझ्नुपर्ने कुरा के हो भने भित्रैदेखि पढ्नुपर्छ भनेर नसोच्नेहरू एक्लै बस्दा पनि नपढ्न सक्छन् ? त्यसैले कम्बाइन स्टडीको विरोध र आलोचना गर्नुभन्दा यो अवसरलाई अधिकतम उपयोग गर्नु सही बाटो हुन सक्छ। बरु शिक्षक तथा अभिभावकहरूले विद्यार्थीहरूलाई समयको महत्त्व बुझाइदिने, महत्त्वपूर्ण काम गर्दा कम महत्त्वका कामलाई थाँती राख्ने, परीक्षालाई आफ्नो खुबी प्रदर्शन गर्ने अवसरका रूपमा लिने र परीक्षाबाट नडराउने आदिजस्ता असल कुराले बारम्बार झकझक्याइरहनु राम्रो हुन्छ। खासगरी प्रि-सेन्टअप, सेन्टअप तथा एसएलसी परीक्षाको तयारी गरिरहेका विद्यार्थीहरूका लागि संयुक्त अध्ययन बढी उपयोगी हुन सक्छ। किनकि प्रि-सेन्टअप, सेन्टअप र एसएलसी परीक्षा दिने विद्यार्थीहरूले आफ्नो नियमित कोर्स पहिल्यै सकिसकेका हुनाले उनीहरूले पुनरावृत्ति अभ्यास गर्नुपर्ने हुन्छ र यसका लागि आफूसरहको वा अझ जान्ने साथी छान्नुपर्छ। आफूसरहको वा आफूभन्दा जान्ने साथी छान्दा आफ्नो तयारीको स्तर त थाहा भैहाल्छ नै, साथसाथै परीक्षाका लागि अतिरिक्त प्रश्नहरूको अभ्यासमा समेत फाइदा पुग्छ।

संयुक्त अध्ययनका लागि धेरै जना भेला हुनुभन्दा दुई–दुई जना मिलेर अभ्यास गर्नु उचित हुन्छ। किनकि दुई जनाभन्दा बढीको समूह बनाई अभ्यास गर्दा परिस्थितिलाई आफूअनुकूल उपयोग गर्न अप्ठेरो पर्न सक्छ भने चाहेको समयमा चाहेको काम गर्न पनि गाह्रो नै हुन्छ। कसैलाई गणित अप्ठेरो लाग्ने हुन्छ त कोहीचाहिं नेपाली फिटिक्कै पढ्न नचाहने अनि कोही भने दिनभर विज्ञानको केमिकल रियाक्सन घोक्न चाहने भए भाँडभैलो मच्चिन सक्छ। यसैगरी जम्मा हुन नै समय लाग्ने, कुन विषयको अभ्यास गर्ने भन्ने कुरामा एकरूपता नहुने आदि धेरै समस्या आउन सक्ने हुँदा संयुक्त अध्ययनका लागि दुई जना मात्र मिल्नु ठीक हुन्छ। संयुक्त अध्ययनका लागि साथी छान्दा भने अभिभावक तथा शिक्षक चनाखो हुनुपर्छ।

त्यसो त संयुक्त अध्ययनमा विषयअनुसार अभ्यासको तौरतरिका परिवर्तन गर्न सक्नु चुनौतीपूर्ण पक्ष हो, किनकि गणितजस्तो धेरै अभ्यास चाहिने विषयका लागि अपनाइने तरिका र नेपाली, अंग्रेजी, सामाजिक शिक्षाजस्ता भाषा विषयका लागि अपनाइने तरिका फरक हुनैपर्छ। जस्तो कि मेट्रिक्स विधिबाट दिइएको समीकरणको हल गर भन्ने अतिरिक्त गणित विषयको समस्याको उत्तर जहिले पनि एउटै आउँछ। तर तेस्रो विश्वयुद्धको सम्भावना कत्तिको देख्नुहुन्छ भन्ने सामाजिक शिक्षाको प्रश्नको उत्तर विद्यार्थीपिच्छे फरक-फरक आउन सक्छ भने तर्कका आधारमा शिक्षकले बढी वा कम नम्बर दिनुपर्ने हुन्छ। यसैले संयुक्त अध्ययन गर्न चाहने विद्यार्थीहरूले विषयअनुसार आफ्नो अभ्यासको तरिका फेर्न सक्नुपर्छ। उनीहरूले गणित विषय अभ्यास गरेको मौकामा एकले अर्कोलाई महत्त्वपूर्ण सूत्रहरू सोध्न सक्छन् भने समस्या समाधान गरी उत्तर पत्ता लगाउनुभन्दा समस्या समाधान गर्ने विधि स्पष्ट हुनुपर्छ। निष्कर्षमा भन्नुपर्दा संयुक्त पढाइले विद्यार्थीमा अन्तर्निहित क्षमतालाई प्रस्फुटन गर्न सक्ने हुँदा विद्यार्थी, शिक्षक तथा अभिभावकवर्गले कम्बाइन स्टडीबाट बढीभन्दा बढी फाइदा लिन सक्नु राम्रो हुन्छ।

*(शिक्षक : ड्याफोडिल पब्लिक स्कुल, कपन, काठमाडौं)*

## अवसर

• काठमाडौंस्थित एक विद्यालयको होस्टलका लागि पाँच वर्षको अनुभवप्राप्त एकजना कुक र बालाजुबाट तीन वर्षे डिप्लोमा पास गरी न्यूनतम दुई वर्षको अनुभव प्राप्त एक जना प्लम्बिङ प्रशिक्षकको आवश्यकता छ। इच्छुक व्यक्तिले फोन नम्बर ४३७३६७५ मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक बचत तथा ऋण सहकारी संस्थाका लागि केही सहायक कम्प्युटर अपरेटर र २० जना बजार प्रतिनिधिको आवश्यकता छ। सम्बन्धित क्षेत्रमा अनुभवप्राप्त व्यक्तिले संस्थाको फोन नम्बर ४४६६३६० मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक एजुकेसनल कन्सल्टेन्सीका लागि एक जना महिला रिसेप्सनिष्ट तथा काउन्सिलरको आवश्यकता छ। प्लस टु उत्तीर्ण गरेर सम्बन्धित क्षेत्रमा न्यूनतम दुई वर्षको अनुभवप्राप्त महिलाले फोन नम्बर ४२३३१४० मा सम्पर्क राख्नुहोला।

• काठमाडौंस्थित एक संस्थाका लागि एक जना कम्प्युटर डेस्कटप अपरेटर तथा डिजाइनर, एकजना कम्प्युटर हार्डवेयर तथा नेटवर्किङ कर्मचारी, एक जना मनिटर, टेलिभिजन, प्रिन्टर, फ्याक्स मर्मत कर्मचारी र दसजना बजार प्रतिनिधिको आवश्यकता छ। योग्य व्यक्तिले फोन नम्बर ४४२१४०२ मा सम्पर्क राख्नुहोला।

# व्यक्तित्वअनुरूपको क्यारियर

**विचारक व्यक्तित्व** : यस्ता व्यक्तित्व भएकाहरू आपसी मेलमिलाप बढी रुचाउने खालका हुन्छन्। यिनका लागि अनुशासन एवं संगठन महत्त्वपूर्ण हुन्छ। अरूलाई मद्दत गर्दा यिनलाई खुसी प्राप्त हुन्छ। यिनीहरू अरूबाट आफ्नो प्रशंसा सुन्न मनपराउँछन्। यस्ता व्यक्तिका लागि ह्युमन रिसोर्स, सेल्स रिप्रिजेन्टेटिभ, कन्सल्टेन्ट, समाजसेवा, काउन्सिलिङ आदि पेसा बढी लाभदायी हुन्छन्।

**हँसिलो व्यक्तित्व** : हँसिलो व्यक्तिको सबैभन्दा ठूलो प्लस प्वाइन्ट भनेकै तिनमा संवाद शैलीको गुण हुन्छ। अपरिचित व्यक्तिसित पनि तिनीहरू चाँडै घुलमिल हुन सक्छन्। यस्ता व्यक्तिका लागि जनसम्पर्कमा रहने कुनै पनि क्यारियर फलदायी हुन्छ। फ्लाइट अटेन्डेन्टदेखि लिएर मनोरञ्जन जगतमा यस्ता व्यक्तिका लागि ठूलो अवसर उपलब्ध हुन्छ। यस्ता व्यक्तिलाई गणितको राम्रो ज्ञान छ भने स्टक ब्रोकर पनि यिनका लागि विकल्प हुन सक्छ। यस्ता व्यक्ति कुशल वक्ता एवं वकिल पनि बन्न सक्छन्।

**लजालु व्यक्तित्व** : यस्ता व्यक्तित्व भएकाहरू आफूले परिचित व्यक्तिहरूसित नै बढी कम्फर्टेबल अर्थात् सहज महसुस गर्छन्। यस्ता व्यक्ति आफ्नो नोकरीमा स्थायित्व चाहने खालका हुन्छन्। यिनीहरूका लागि अफिसमा डेस्क जब राम्रो विकल्प हुन्छ। अकाउन्टिङ, डाटा प्रोसेसिङ, ल्याब टेक्निसियनजस्ता प्रोफेसन यिनलाई सुहाउँदो हुन्छ।

**आदर्शवादी व्यक्तित्व** : आदर्शवादी व्यक्ति आफ्ना मूल्य, मान्यता,



संस्कृतिसित गहन रूपमा जोडिएका हुन्छन्। यस्ता व्यक्ति संवेदनशील, रचनात्मक हुनुका साथै आफ्ना सम्बन्धहरूलाई पनि महत्त्व दिने खालका हुन्छन्। यस्ता व्यक्तिका लागि लेखन, शिक्षण, समाजसेवा, मनोविज्ञानजस्ता क्षेत्र बढी फलदायी हुन्छ।

**डोमिनेटिङ व्यक्तित्व** : यस्ता व्यक्ति कुनै पनि काम आफ्नो इच्छा, सहजता र चाहनाअनुसार गर्न रुचाउने खालका हुन्छन्। यस्ता व्यक्तित्व भएकाहरू सकेसम्म हरेक कुरामा आफ्नो नियन्त्रण चाहन्छन्। यस्तो प्रकृतिका व्यक्तिले आफ्नो निजी व्यवसाय सञ्चालन गर्नु राम्रो हुन्छ, किनकि यिनीहरूको स्वभाव अरूको आदेश र अधीनमा रहने खालको हुँदैन।

**कर्तव्यनिष्ठ व्यक्तित्व** : यस्ता खालका व्यक्ति मर्यादा तथा अनुशासनलाई बढी महत्त्व दिन्छन्। हरेक कुरामा यिनीहरूको दृष्टिकोण सकारात्मक हुन्छ। यस्ता व्यक्ति पारिवारिक, जिम्मेबार, कर्तव्यनिष्ठ एवं विश्वास गर्न लायक हुन्छन्। यिनीहरूले पत्रकारिता, चिकित्सा, सुरक्षा, न्याय, विज्ञान, जासुसी सेवा आदि क्षेत्रमा राम्रो सम्भावना सिर्जना गर्न सक्छन्।

**–रोजिन शाक्य**

संविधान सभा भनेको जनताले
आफुलाई शासन गर्ने विधान
आफुद्वारा चुनिएका प्रतिनिधिहरुद्वारा
निर्माण गरिने पद्धति हो।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## नयाँ प्रविधि

### डिजिटल सेफ



आफूले कमाएको धनको माया कसलाई पो नहोला ? कमाएको धन सबै बैंकमै हुन्छ भन्ने पनि हुँदैन। घरमा धेरै धन राख्नेहरूले सेफ प्रयोग गर्ने गरेका छन्। हनिवेल कम्पनीले अन्तर्राष्ट्रिय बजारमा ल्याएको सेफ अन्य सेफको तुलनामा बढी भरपर्दो छ। यो सेफ करिब १ क्युबिक फुटको छ। स्टेनलेस स्टिल प्रयोग गरेर निर्माण गरिएको यो सेफलाई डिजिटल पासवर्ड प्रयोग गरेर मात्र खोल्न सकिन्छ। डिजिटल लक सिस्टम रहेको यो सेफमा आफूले चाहेअनुसार पासवर्ड परिवर्तन गर्ने सुविधा पनि छ, जसलाई सेफभित्र रहेको ब्याट्रीले नियन्त्रण गर्छ। यो सेफको अन्तर्राष्ट्रिय मूल्य करिब ५ हजार ५ सय छ।

### जाडोको साथी तासिमो




अहिले जाडो ह्वात्तै बढेको छ। मानिसमा चिया, कफी पिउने चाह पनि जाडोसँगै बढेको छ। तातो पेयपदार्थ बनाउने सामग्री निर्माणमा लोकप्रिय रहेको ब्राउन कम्पनीले हालै अन्तर्राष्ट्रिय बजारमा तासिमो नामको चिया र कफी मेकरलाई ल्याएको छ। सिल्भर र कालो रंगमा पाइने तासिमोको मुख्य विशेषता भनेको एक मिनेटभित्रै चिया र कफी तयार पार्नु हो। यो कफी मेकरमा करिब १० कप चिया, कफी, एस्प्रेसो, हट चकलेट, कापाचिना बनाउन सकिन्छ। कपको आकारअनुसार कफी निस्कने भागलाई तलमाथि गर्न सकिने हुँदा यसबाट कफी पोखिने डर पनि हुँदैन। यो कफी मेकरको भित्री भागलाई सफा पनि गर्न सकिने हुनाले यसमा बनाइएको तातो पेय पदार्थ स्वस्थकर पनि हुन्छ। पाहुनाको संख्या बढेको खण्डमा यसको माथिल्लो भागमा ६८ औंस अट्ने पानीको ट्यांकी जडान गरेर तातो पेयको मात्रा बढाउन सकिन्छ। हाल यो कफी मेकरको अन्तर्राष्ट्रिय मूल्य १ सय ६३ डलर छ।

### सामसुङको एचडी टेलिभिजन



टेलिभिजन सेट निर्माणको क्षेत्रमा सामसुङ कम्पनीले नयाँ किसिमका प्रविधियुक्त सेट निकालेर आफ्नो प्रभुत्व बढाउँदै लगेको छ। यस क्रममा सामसुङले हालै ४६ इन्च चौडा एलसिडी एचडी टिभीलाई अन्तर्राष्ट्रिय बजारमा ल्याएको छ। डिजिटल नेचुरल इमेज इन्जिन रहेको यो टिभी सेटले १० हजारको १ को मात्रामा कन्ट्रास्ट दिन्छ। जसका कारण पछिल्लो पटक बजारमा आएका टेलिभिजन सेटहरूमध्ये यसको दृश्य सर्वाधिक चहकिलो हुने गरेको छ। अन्य टेलिभिजनमा बाहिरको प्रकाश बढी भयो भने चित्र कालो र धमिलो देखिन्छ तर यो सेटमा त्यस्तो कुनै समस्या देखिदैन। यो सेटमा रहेको साउन्ड सिस्टम सराउन्डिङ छ भने यसमा थप होम थिएटर, म्युजिक सिस्टम पनि जोड्न सकिन्छ। यसमा युएसबी पोर्ट रहेका कारण हार्ड डिस्कमा रहेको फिल्म सोझै हेर्न सकिन्छ भने भिडियो क्यामेरामार्फत पनि दृश्य हेर्न सकिन्छ। झुन्ड्याएर समेत राख्न सकिने यो टेलिभिजन सेटको अन्तर्राष्ट्रिय बजार मूल्य १ हजार ६ सय डलर छ।

### स्वास्थ्य परीक्षणका लागि रोबोट



अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले मेडिकल रोबोट निर्माण गर्ने भएको छ। यो रोबोटको सहयोगमा धेरै टाढा रहेका बिरामीको परीक्षणमा सहयोग पुग्ने बताइएको छ। विशेष गरी अन्तरिक्ष केन्द्रमा रहेका वैज्ञानिकहरूको स्वास्थ्य-परीक्षणका लागि यो रोबोट निर्माण गरिएको हो।

अमेरिकी रक्षा विभागको आर्थिक सहयोगमा युनिभर्सिटी अफ वासिङटनका चिकित्सकहरूले यो रोबोट निर्माण गरेका हुन्। शून्य गुरुत्वाकर्षणको क्षेत्रमा काम गर्ने गरी निर्माण गरिएका यो रोबोटलाई पानीमुनि निर्माण गरिएको विशेष वातावरणमा परीक्षण गरिनेछ। यो रोबोटलाई बिरामी भएको स्थानमा राखिने र त्यसपछि मानव शल्यचिकित्सकले धेरै माइल टाढाबाट इन्टरनेटको सहायताले यसलाई नियन्त्रण गर्नेछन्। उक्त रोबोटको नाम राविन राखिएको छ। रोबोटको पाखुराले सर्जिकल यन्त्र बोकेको हुनेछ भने कम्प्युटर अगाडि बसेका चिकित्सकले त्यसलाई नियन्त्रण गर्नेछन्। रक्तनली फुटेर रगत बगेको समयमा त्यसलाई टाल्ने काममा उक्त रोबोटको परीक्षण हुनेछ। पानीमुनिको भागमा वायरलेस केबल प्रयोग गरिएको छ। पानीमुनिको यो परीक्षणमा रोबोटका साथमा नासाका दुई वैज्ञानिक तथा एक जना सर्जन पनि संलग्न हुनेछन्।

### हाइड्रोजनले चल्ने कार

जापानको म्याज्दा कार निर्माता कम्पनीले हाइड्रोजन इन्धन प्रयोग हुने उन्नत प्रकारको कार बनाउने भएको छ। हाइड्रोजन इन्धन कारमा जडित इलेक्ट्रिक मोटरले निर्माण गर्नेछ। त्यस प्रकारको इन्धन प्रयोग हुने कार आगामी वर्षदेखि जापानमा लिजमा उपलब्ध हुने कम्पनीको दाबी छ। अमेरिकाको फ्रोर्ड कम्पनीसँग सहकार्य गरेपछि म्याज्दा हाइड्रोजनले १०० देखि २०० किलोमिटर बाटो तय गर्नेछ।

# परीक्षणका लागि तयार नेपाली विमान



**राजु घिसिङ**

काठमाडौं– पुल्चोक इन्जिनियरिङ क्याम्पसमा अध्ययनरत आठ विद्यार्थीले तीन वर्ष लामो मेहनतपछि पहिलो नेपाली विमान निर्माण गरेका छन्। तीन वर्षअघिदेखि अनुसन्धान गरेर गत वर्ष पुस १ गतेदेखि निर्माण सुरु गरिएको विमानलाई गत शुक्रबार सार्वजनिक प्रदर्शन गरिएको थियो। विमान निर्माणका निम्ति आवश्यक खर्च र सामग्री जुटाउने क्रममा निराश भए पनि विमान प्रदर्शनीपछि देशव्यापी चर्चा पाउँदा यी युवाहरू फुरुङ्ग छन्।

पाइलटसहित दुई सिट क्षमताको हलुका विमानलाई उनीहरूले 'डाँफे' नाम दिएका छन्। डाँफे निर्माण विधिबाटै विश्वका सबै किसिमका विमानहरू निर्माण भैरहेको युवा इन्जिनियरहरू दाबी गर्छन्। डाँफेका डिजाइनरद्वय गणेशराम सिङ्केमान एवं विकास पराजुली भन्छन्- 'यही प्रविधिबाट नेपालमै निकै सस्तोमा विमान निर्माण गर्न सकिन्छ।' मेकानिकल इन्जिनियरिङका विद्यार्थी गणेशराम, विकास, रमेश रानाभाट, रवीन्द्र श्रेष्ठ, दीपेश पौडेल, बाबुराम खरेल, अनिल महर्जन एवं प्रशान्त मल्ल उक्त विमान निर्माणकार्यमा संलग्न छन्। डिजाइनरद्वयले स्नातक पूरा गरिसकेका छन् भने अन्य सदस्यहरू पुल्चोक क्याम्पसमा स्नातक तह चौथो वर्षमा अध्ययनरत छन्।

पहिलो नेपाली विमानको परिकल्पनाका सम्बन्धमा गणेशराम भन्छन्- 'विकास र म तीन वर्षअघि मेकानिकल विभागमा बसिरहेको समयमा आकाशमा विमान उडिरहेको देख्दा हाम्रै देशमा विमान बनाई उडाउन सकिने कल्पना गर्‍यौं। स्वदेशी विमानमा आकाशमा उड्ने तीव्र चाहना बढ्दै गयो, अनि जुनियर साथीहरूलाई समेटेर निर्माणकार्य सुरु गर्‍यौं।' रूसी विमानचालक क्याप्टेन अलेक्जेन्डर माक्सिमोभको नेतृत्वमा डाँफेको परीक्षण उडान पुसको पहिलो साता पोखरामा गरिँदैछ।

१ सय ४० किलोग्राम तौल भएको डाँफे जमिनबाट ६ हजार फिट उचाइसम्म उड्न सक्ने हुँदा नेपालजस्तो पहाडी र हिमाली भेगयुक्त देशमा दृश्यावलोकनका निम्ति प्रभावकारी हुने निर्माण समूह सदस्य रमेश रानाभाट बताउँछन्। पचास लिटर इन्धन क्षमताको यो विमानले ६५ किलोमिटर प्रतिघण्टाको गतिमा एकैपल्टमा २ सय किलोमिटरसम्म उडान भर्न सक्छ। विमान निर्माणमा स्वदेशी बजारमा उपलब्ध सामग्रीहरू आल्मुनियम, स्टिल, काठ, बाँस तथा कपडा प्रयोग गरिएको रवीन्द्र श्रेष्ठले बताए। विमानको टु स्टोक ५८२ रोट्याक्स इन्जिन अस्ट्रियाबाट ल्याइएको थियो। रवीन्द्र भन्छन्- '३ वटा ब्लेडसको प्रोपलर अमेरिकी हो, बाँकी सबै सामग्री स्वदेशी छन्।' एभिया क्लब नेपाल प्रा.लि.ले प्रयोग भैसकेका सामग्री उनीहरूलाई उपलब्ध गराएको थियो।

१० लाख रुपैयाँको लागतमा डाँफे तयार भएको बताइन्छ। उनीहरूलाई विमान निर्माणमा आवश्यक रकम जुटाउन निकै कठिन भएको थियो। विकास भन्छन्- 'हामीले ५ लाख रुपैयाँ ऋण तिर्न बाँकी छ। हाम्रो मेहनतको मूल्य त तोकेकै छैनौं।' विमान निर्माणमा मेकानिकल इन्जिनियरिङ विभागका शिक्षकहरू रामचन्द्र सापकोटा, सोमा शेखर अडिगा, रिद्धिरत्न स्थापित, एरोनोटिक्स उदयकृष्ण श्रेष्ठ तथा एभिया नेपालकी नताशा श्रेष्ठले सुपरीवेक्षण एवं सहयोग गरेका थिए। इन्जिनियरिङ अध्ययन संस्थान, वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल इन्जिनियर्स एसोसियसनको सहयोगमा यो विमान तयार भएको हो।



# इन्फोटेकको तयारी

**साप्ताहिक समाचार**

सूचना तथा सञ्चार प्रविधिको सबैभन्दा ठूलो महोत्सव क्यान-इन्फोटेकको आयोजनाको तयारी प्रारम्भ भएको छ। कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) को आयोजनामा हरेक वर्ष हुँदै आएको क्यान इन्फोटेकको १४ औं संस्करणका लागि अहिले बुकिङ कार्य धमाधम चलिरहेको बताइएको छ।

माघ १५ देखि २० गतेसम्म वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नयाँ बानेश्वरमा सञ्चालन हुने इन्फोटेकका लागि अहिलेसम्म २ सयभन्दा बढी सूचना तथा संचार प्रविधि (आईसीटी) सम्बद्ध संस्थाले स्टल बुकिङ गरिसकेका छन्। पहिलो पटक क्यानले इन्फोटेकको व्यवस्थापनको जिम्मा निजी क्षेत्रको व्यवस्थापक कम्पनी डाइरेक्सन नेपाल प्रा.लि.लाई दिएको छ।

डाइरेक्सन नेपालका निर्देशक दीपक थापाका अनुसार यसअघिका इन्फोटेकभन्दा पृथक् र भव्य बनाउन विशेष तयारी अपनाइनेछ। थापाले साप्ताहिकसँग भने– 'व्यवस्थापनका दृष्टिकोणले यसअघिका सबै किसिमका समस्या बुझेर हामी काम गरिरहेका छौं। यस पटकको क्यान-इन्फोटेक अवलोकन गर्न आउने दर्शकले यसको मूल्याङ्कन आफैं गर्नुहुनेछ।'

सूचना तथा संचार-प्रविधिको क्षेत्रमा द्रुततर गतिमा भैरहेका विकासलाई प्रदर्शनीमार्फत सर्वसाधारणसमक्ष जानकारी गराउने उद्देश्यले क्यान इन्फोटेक आयोजना गरिँदै आएको छ। क्यान इन्फोटेककै अवसर पारेर आईसीटी क्षेत्रमा व्यावसायिक कारोबार गर्दै आएका कम्पनीहरूले पनि नयाँ प्रविधि सार्वजनिक गर्ने ट्रेन्ड नै बसिसकेको छ।

# धन्न धानिएका साइबर

गाईघाट- सी वर्ल्ड साइबरकी लता घिमिरे बिहान ७ बजे नै साइबर खोलेर बस्छिन् तर साइबरमा भने एक-दुई जना मात्र ग्राहक आउँछन्। यो साइबरमा पाँचवटा कम्प्युटर छन् भने इन्टरनेट चलाएको प्रतिघन्टा २० रुपैयाँ लाग्छ। त्यस्तै ओमेगा साइबरका सञ्चालक जोनाथन राई पनि बिहान ६ बजे नै साइबर खोलेर बस्छन् तर ग्राहक भने एकदेखि पाँच जनासम्म आउँछन्। त्यहाँ आठवटा कम्प्युटर छन् भने इन्टरनेट चलाएको प्रतिघन्टा १५ रुपैयाँ छ।

गाईघाट बजारमा छ महिनाअघिसम्म पाँचवटा साइबर थिए। तीनवटा साइबर ग्राहकहरूको अभावमा बन्द भए। गाईघाटका टेलिफोनहरू अवरुद्ध भैरहने हुनाले भनेको समयमा इन्टरनेट सुविधा उपभोग गर्न नपाउँदा सर्वसाधारण एवं सञ्चालकहरू दुःखी छन्। भएको इन्टरनेट पनि ढिलो छ। सी-वर्ल्ड साइबरका सञ्चालक विजय तुलाधर भन्छन्- टेलिकमको लापरवाहीले पनि आफूले भनेको समयमा सर्वसाधारणलाई इन्टरनेट सुविधा उपलब्ध गराउन सकिएको छैन। साइबर सञ्चालकहरू एक जना ग्राहक आए पनि साइबर खोल्न बाध्य छन्। जोनाथन राई भन्छन्- इन्टरनेट मजाले चलेका बेला त सेवा उपभोग गर्नेहरूको भीड नै लाग्छ तर अधिकांश समय इन्टरनेट चल्दैन। उता टेलिकम कार्यालय भने बारम्बार टेलिफोनको टावर बिग्रनाले टेलिफोन अवरुद्ध हुन गै इन्टरनेट सुविधा पनि रोकिने गरेको बताउँछ।

**–विमल खतिवडा**

# बन्दै छ अर्को पृथ्वी



पृथ्वीबाट करिब ४ सय २४ प्रकाशवर्ष टाढा तातो धूलोयुक्त विशाल चक्काभित्र पृथ्वीजस्तै एउटा ग्रह बनिरहेको वैज्ञानिकहरूले बताएका छन्। १ करोडदेखि १ करोड ६० लाख वर्ष मात्र पुगेको उक्त ग्रहको सौर्यप्रणालीले 'किशोरावस्था' मा टेकेको तर यसको प्रकृति हेर्दा पृथ्वीजस्तै ग्रहको संरचना बनिरहेको जोन हप्किन्स विश्वविद्यालयको एप्लाइड फिजिक्स ल्याबोरेटरीका प्रमुख अनुसन्धानकर्ता केरे लिसीले बताए।

धूलोले भरिएको उक्त विशाल चक्काभित्र ठीक बीचमा दुईवटा तार विस्तारै जोडिने क्रममा रहेको र त्यहाँ कुनै दिन एउटा चट्टानयुक्त ग्रहका लागि पानी हुन सक्ने उनले बताए। यस प्रकारको धूलोका चक्काहरू सूर्यजस्ता तारावरिपरि विरलै मात्र बन्छन्। यसको बाहिरी भागमा हुने हिमचक्कामा पानी र जीवको अस्तित्वको सम्भावना प्रबल हुने र कालान्तरमा त्यो ग्रहको सतहसम्म पुग्नेछ। उक्त चक्का पृथ्वीको केन्द्रमा पाइने सल्फरयुक्त धातु तथा सतहमा पाइने कडा पदार्थबाट बनेको अनुमान गरिएको छ।

यो पृथ्वीजस्तै बन्ने प्रक्रियामा छ। उक्त संरचनाको तस्बिर नासाको स्पिट्जर स्पेस टेलिस्कोपले खिचेको र त्यो ४ सय २४ वर्ष पुरानो भएको बताइएको छ। त्यसमा एउटा नवजात ग्रह मधुरो प्रकाशमा चम्किरहेको देखिन्छ। उक्त ग्रहले पूर्ण स्वरुप लिन १० करोड वर्ष लाग्नेछ।

# एसियाका लागि नयाँ डोमेन

एसियाका इन्टरनेट प्रयोगकर्ताले अब नयाँ डोमेन प्रयोग गर्न पाउने भएका छन्। नयाँ डोमेनले इन्टरनेट प्रयोगकर्तामा नयाँ उर्जा थप्नेछ। नयाँ डोमेनको नाम हो- डट एसिया। डट एसिया इन्टरनेट डोमेन खास गरी व्यावसायिक उद्देश्यले ल्याइएको हो। विशेष गरी ठूला व्यापारिक गृहलाई लक्षित गरी यसको लाइसेन्स बिक्री खुला गरिएको छ।

सरकार तथा कम्पनीहरूले अब सहज रुपमा आफ्ना वेबसाइट दर्ता गर्न सक्नेछन्। डटकम, डटनेट, डटगभ, इटइडीयुलगायत अक्षरअनुसार हालसम्म डोमेन दर्ता गर्न दिइए पनि प्रान्तीय रूपमा डट एसिया नाममा डोमेन दर्ता गर्न भने दिइएको थिएन। साधारण मानिसले भने डट एसिया डोमेन सन् २००८ को फेब्रुअरी महिनादेखि मात्र प्रयोग गर्न पाउनेछन्।

फेब्रुअरीसम्म एसियाका धेरै कम्पनीले डट एसिया डोमेन लिइसक्ने अनुमान गरिएको छ। सुरुमै सर्वसाधारणलाई डोमेन खुलाउँदा कम्पनीहरूको आफ्नो ट्रेडमार्कअनुसार नाम नपाउन सक्ने भएकाले व्यावसायिक कम्पनीहरूलाई प्राथमिकता दिइएको हो।

डट एसिया डोमेन ल्याउने गृहकार्य सन् २००० बाट गरिएको थियो। डट एसिया डोमेन पाउने पहिलो कम्पनी डटएसिया नामक संस्था हो। सन् २००८ को मार्चदेखि डट एसिया डोमेन प्रत्यक्ष रूपमा इन्टरनेटमा जाने बताइएको छ। अन्य डोमेनका सञ्चालकहरूले झैं डट एसियाले पनि पहिले डोमेन चाहने कम्पनीमध्ये जसले माग बढी गर्छ त्यसलाई भनेजस्तो नाम उपलब्ध गराउनेछ।

अस्ट्रेलियादेखि मध्यपूर्वसम्मका देशलाई डट एसियाले समेट्नेछ। यीमध्ये २० वटा देशलाई कन्ट्री कोड पनि दिइनेछ। डट एसिया डोमेन अहिलेसम्म दिइएको दोस्रो प्रान्तीय डोमेन हो। यसभन्दा अगाडि सन् २००६ मा डट ईयू डोमेन युरोपलाई प्रदान गरिएको थियो।

# साप्ताहिक इन्फो

## एक गीत एक लाख



चर्चित रक ब्यान्ड १९७४ एडीले एउटा नेपाली चलचित्रको एउटा गीतमा संगीत भर्न एक लाख रुपैयाँ लिने भएको छ। चलचित्र नेपाली म्यानका निम्ति १९७४ एडीले एक लाख रुपैयाँ लिने भएको हो। व्यावसायिक रूपमा सफल मानिएको चलचित्र पापी मान्छेका निर्माता राजकुमार राईले आफ्नो आगामी चलचित्र नेपाली म्यानको शीर्ष गीतको संगीत भर्न तथा गीतमा अभिनय गर्न उक्त समूहलाई अनुबन्धित गरिसकेका छन्।

प्रायः नेपाली चलचित्रमा राखिने पाँचवटा गीतमा संगीत भरेको पारिश्रमिक एक लाख कटेको छैन तर १९७४ एडीलाई किन यतिविघ्न पारिश्रमिक दिनुभयो ? निर्माता राई भन्छन्- हाम्रो टार्गेट ग्रुप त्यही हो जो नेपाली चलचित्र हेर्दैन तर १९७४ एडी जस्तो ब्यान्डको गीत मन पराउँछ। १९७४ एडीका ब्यान्ड म्यानेजर आशिष भन्छन्- नेपाली चलचित्र हेर्ने दर्शकमाझ पुग्न 'नेपाली म्यान' रोजेका हौं। 'नेपाली म्यान' सुपरहिरोको कथामा आधारित चलचित्र भएको यसका निर्देशक नीलहरि काफ्ले बताउँछन्। १९७४ एडीले यसअघि भूषण दाहालद्वारा निर्देशित चलचित्र कागबेनीको एउटा गीतमा संगीत भरेको थियो।



## पालो अर्जुनको

चलचित्र क्षेत्रका नवप्रवेशी नायक अर्जुन कार्कीको पालो आएको विश्लेषण गर्न थालिएको छ। लगालग चलचित्र भेट्दै जानु र पाएका चलचित्रले राम्रै चर्चा पाउन थालेपछि उनको पालो आएको विश्लेषण हुन थालेको हो।

अर्जुनले केही समयअघि चलचित्र 'दिदीभाइ' को काम सकेका छन्। उक्त चलचित्रमा उनले निर्वाह गरेको मुख्य भूमिका र स्टन्टको पर्याप्त चर्चा भएको छ। सायद त्यही चर्चाका कारण उनी दीपक रायमाझीको 'हाम्रो मिलन कहिले हुन्छ' तथा कृष्ण चापागाईंको 'इज्जतदार' को सुटिङमा व्यस्त छन्। यी दुई चलचित्रको काम सकिनेबित्तिकै उनी दिनेश डीसीले निर्देशन गर्ने चलचित्र 'मायाज बार' मा सक्रिय हुनेछन्। हाल अर्जुनलाई आफ्नो चलचित्रमा अनुबन्धित गर्न केही निर्माता तथा निर्देशकले चासो देखाएका छन्। रेखा फिल्म्सले पनि आफ्नो आउँदो चलचित्रमा अर्जुनलाई नायक बनाउने पक्काजस्तै भएको छ। सम्भवतः उक्त चलचित्रको निर्देशन राजेन्द्र खड्गीले गर्नेछन्।

सरल स्वभाव, जस्तोसुकै डरलाग्दो स्टन्ट गर्ने, अनि मिलनसार भएका कारण पनि निर्माता तथा निर्देशकहरू अर्जुनप्रति आकर्षित भएको पाइन्छ। कतिपयले उनलाई नायकद्वय निखिल उप्रेती र विराज भट्टको विकल्पका रूपमा हेर्न थालेका छन्। जे होस्, चलचित्र चलेर बजारमा आएपछि मात्रै अर्जुनको पालो आउने हो-होइन, ठोकुवा गर्न सकिएला।



गतसाता राजधानीमा आयोजित चलचित्रसम्बन्धी एक समारोहमा नेकपा माओवादीका नेता डा. बाबुराम भट्टराई चलचित्र सम्बन्धी पत्रिका अध्ययन गर्दै।



नयाँ बानेश्वर चोकमा भेटिएमा एक चलचित्र कलाकारले साप्ताहिककर्मीसँग प्रश्न सोधे– 'नेपालीहरू कसलाई बढी चिन्छन् ? हरिवंश आचार्य, मदनकृष्ण श्रेष्ठ, राजेश हमाल, निरुता सिंह, रेखा थापा कि मिस नेपाल शीतास्मा चन्दलाई ?' किन यो प्रश्न आयो ? ती कलाकारले आक्रोश पोख्दै भने- 'मिसनेपालले हाम्रा बारेमा जे पायो त्यही बोल्न पाउँछिन् ? हामीमा स्टार क्वालिटी नै छैन रे।' ओहो, कुरा त त्यसो पो रहेछ। अंग्रेजी दैनिक द काठमाडौं पोस्टको सिटी पोस्टमा अन्तवार्ताका क्रममा मिस नेपाल शीताश्मा चन्दले नेपाली चलचित्र कलाकारहरूको पुपुर्रो तान्ने कुरा गरेकी थिइन्- 'मेरो पुस्ता नेपाली चलचित्रप्रति नकारात्मक विचार राख्छ। नेपाली चलचित्र स्तरीय पनि छैनन् र ती सहरमा लोकप्रिय छैनन्। नेपाली चलचित्र कलाकारहरूमा 'स्टार क्वालिटी' छैन र मानिसहरू उनीहरूप्रति सम्मानपूर्वक व्यवहार गर्दैनन्। म चलचित्रमा आएर उनीहरूजस्तो हुन चाहन्नू।' त्यही अन्तवार्ता पढेपछि नयाँ बानेश्वरमा भेटिएका ती चलचित्र कलाकार क्रुद्ध भएका रहेछन्। नेपाली चलचित्रका बारेमा शीताश्माको विचार निजी होला, तर यहाँका कलाकारहरूमा उनले भनेको जस्तो 'स्टार क्वालिटी' नै नभएको कुरा भने गलत हो। बरु मिस नेपालहरू त्यति लोकप्रिय छैनन्, जति नेपाली चलचित्रका कलाकारहरू छन्। उनले नेपाल भनेर काठमाडौंलाई मात्र सोचेकी हुन् भने त केही भन्नु छैन। ती कलाकार भन्दै थिए- 'बरु हाम्रा मिस नेपालहरूसँग क्वालिटी छैन। भएको भए १२ वर्षदेखि भएका जति मिस नेपाल अन्तर्राष्ट्रिय प्रतियोगिताबाट खाली हात किन फर्कन्थे र ? आफ्नो जीउमा भैंसी नदेख्ने...!

जाँगर लगाएर नेपाली चलचित्र हेर्ने कलाकार को होला ? सहजै भन्न गाह्रो पर्छ। कसैले कामै नपाएर घरमै बसिरहने कलाकारको नाम लेलान् त कसैले अत्यधिक व्यस्त कलाकारको, तर जवाफ सही नहुन सक्छ। खान्दानी कलाकारको त नाम लिने सम्भावना छँदै छैन। नेपालका उच्चवर्गका मानिसले नेपाली चलचित्र पटक्कै हेर्दैनन् भन्ने मान्यता छ। युवा पुस्ताको कुरै नगरौं, रक र पपको प्रशंसा गर्न ...थुक्ने ती युवाहरू नेपाली चलचित्र हेर्दै नहेरी 'राम्रो छैन' भन्न लजाउँदैन। ... जना निर्देशक छन् जो चलचित्रकै काम गर्छन्, त्यो पनि ...राम्रो तर उनी कुनै पनि नेपाली फिल्म हेर्न छुटाउँदैनन्। ...शक आलोक नेम्वाङ नेपाली चलचित्रका खाँटी दर्शक हुन्। अरू निर्देशकको तुलनामा आलोकले राम्रो गर्छन् भन्ने धेरैको अनुमान छ। आलोक भने केही सिक्नका लागि नेपाली चलचित्र हेर्ने गरेको बताउँछन्। मनोरञ्जन त हुन्छ नै, केही सिकिन्छ पनि। नुमाफङमा नायकको भूमिका निर्वाह गरेका आलोक पछिल्लो समय म्युजिक भिडियो निर्माणमा व्यस्त थिए, तर अहिले उनले एउटा सेल्युलाइड चलचित्र निर्देशन गरेका छन्। नेपाली चलचित्र हेर्दै नहेर्ने र हेरिरहने दुवैथरी दर्शकलाई आफ्नो चलचित्र देखाउने धोको छ उनको।










## विक्रान्तले समय नदिएपछि

चलचित्र 'हाम्रो मिलन कहिले हुन्छ' का निम्ति नायक विक्रान्त बस्नेतले समय दिन सकेनन्। उनले समय नदिएपछि अर्का नायक अर्जुन कार्कीले उक्त स्थान पाए। त्यति मात्र होइन, समय नदिएकै कारण बलिउडकी नायिका प्रीति झिगनियासँग उनी नाच्न पाएनन्। आखिर विक्रान्तले यो अवसर किन गुगाए त ? बस्नेत भन्छन्– म मिसन लभ इन सिक्किमको सुटिङमा थिएँ। त्यो चलचित्रपछि मैले तत्काल सिक्किमबाट नेपाल आएर चलचित्र इन्साफ ज्वाइन गर्नु थियो।

'हाम्रो मिलन कहिले हुन्छ' का निर्माता तथा निर्देशक दीपक रायमाझी भन्छन्- पछिल्लो समयमा मात्रै विक्रान्तले समय दिन नसक्ने बताएका हुन्। विक्रान्तको तर्क के छ भने निर्देशक रायमाझीको चलचित्रको सुटिङ निश्चित हुन सकिरहेको थिएन, सुटिङ मिति सरेको सऱ्यै थियो। अनि मैले कसरी पर्खिएर बस्ने ? उनी प्रतिप्रश्न गर्छन्।

जे होस्, विक्रान्तलाई बलिउडकी नायिका प्रीति झिगनियासँग नाच्न जुरेन र प्रीति एक्लै नाचिन्। सम्झिएर ल्याउँदा यति बेलाचाहिँ विक्रान्तलाई थकथकी लाग्छ। विक्रान्त दोहोऱ्याउँछन्- डेट नमिलेका कारण मैले नै हाम्रो मिलन कहिले हुन्छ छाडेको हुँ। यसलाई धेरै चलचित्र भएर समय दिन नसकेको भन्ने बुझे पनि हुन्छ।















































६१







## ठट्यौली प्रकाशसँग

वैद्यले बिरामीसँग सोध्यो- 'मैले अघि तँलाई खोकी लाग्यो भनेर जुन दबाई बनाएर दिएको थिएँ, खाइस् ?'

'मैले दबाई चाखें, फेरि यस्सो विचार गरें अनि दबाईभन्दा खोकी नै ठीक भनेर फ्याँकिदिएँ,' रोगीले उत्तर दियो।

०००

भिखारीले घरको ढोका ढकढक पार्‍यो, घरमालिकले ढोका खोल्यो।

'घरमालिक्नी हुनुहुन्न ?' भिखारीले सोध्यो।

'किन, के भो ?'

'म भोको छु, मालिक्नीले केही खानेकुरा दिनुहुन्थ्यो...।'

'ऊ त माइत ग'की छ, लेऊ यो राख २० रुपैयाँ, खानेकुरा किनेर खानू।'

'हजुरको सधैं भलो होस्, तपाईं बूढाबूढीको जोडी सातै जन्मसम्म कायम रहोस्।'

'के भनिस् ? फिर्ता ले मेरो २० रुपैयाँ। भाग याँबाट, फेरि यहाँ आइस् भने खुट्टासुट्टा भाँचिदिन्छु।'

०००

होली आउन दुई-चार दिनअघि एउटा घरमा डाकुले तरबार देखाएर 'भएभरको गरगहना, पैसा निकाल्, नभए मर्छस्' भनेपछि सबै चीज निकाल्दै जाँदा छोरो राजुले होली खेल्न ल्याएको बन्दुकमा बाबुको आँखा परेछ। बाबुले उक्त बन्दुक डाँकुपट्टि तेर्स्याए, बन्दुक सक्कलीजस्तै थियो...सबै डाकुले तरबार भुइँमा फ्याँके, हात माथि उठाएर त्यतिकैमा खाटमुटि लुकिरहेको राजु करायो- 'बुबा, बन्दुक कसरी हान्नुहुन्छ ? रंग-पानी त बन्दुकमा हालेकै छैन।'

०००

पाहुना फर्कने अवस्थामा थिएन। धेरै धैर्य गरिसकेपछि घरमालिकले भन्यो- 'हजुर, तपाईंका लागि अरू के ल्याऊँ चिया, कफी, नास्ता, कोल्ड ड्रिंक, पान वा ट्याक्सी ?'

०००

'हजुर, भिखारीलाई चिया खान दस रुपैयाँ दिनुहोस्,' भिखारीले माग्यो।

'किन दस रुपैयाँ ? चिया त पाँच रुपैयाँमा आउँछ।'

'अरे म मात्रै चिया खानु ? तपाईंलाई पनि ख्वाउँछु नि यार।'

०००

एउटा कन्जुसले चर्पीमा ५ को नोट खसायो, फोहोर थियो, टिप्न आँट आएन। पर्सबाट १ सयको नोट निकालेर फेरि त्यही फोहरमा फ्याँक्यो र दुवै नोट हातले झिक्दै मनमनै भन्यो– 'एक सय पाँच रुपैयाँको सवाल छ यार।'

०००

**अन्त्यमा मेरो कुरो** : 'वृद्धा अवस्था भनेको त्यो अवस्था हो जब कुनै मान्छेले कुनै सुन्दर युवतीलाई देख्दा उसलाई मनमा आशा होइन, पुराना कुरा मनमा पलाएर मन कटक्क दुख्छ।'

०००

## कविता

### माटो बेचेछौ



अमिर बन्यौ, रहस्योद्घाटन भो
माटो बेचेछौ, हतियारमा
लगाउन्जेल धार, शान्ति नै त छ
नआए हुन्थ्यो, यी चाडबाड पनि
ऋणको भारी, रक्सीको प्याला
भुलाउने बहाना, प्रेम वियोग
संविधानसभा, सोमशर्माको सातु
पोखिने हो कि ? रद्दी टोकरीमा
साहित्यिक पत्रिका कस्तो नियति ?

–आकाशचन्द्र

### रक्तपिपासु थितिहरू

एकता टुट्यो, विचार फुट्यो, कसको मर्का बुझ्यौ त ?
रगत मेट्यौ, इच्छा त डाँड्यौ, कसका लागि जुट्यौ त ?
हिजो त हुँदा, सहिदका लागि, जीवनदान गर्ने आँटले
जनताको रगत, जनताको आवाज, जनताको नै साथले
रगत बोल्छ, सिउँदो बोल्छ, कसको मार्का बुझ्यौ त ?
रगत मेट्यौ, इच्छा त डाँड्यौ, कसको लागि जुट्यौ त ?
जहानियाँ शासन बोल्छ, लुप्त उही तिमी बोल्छौ
दोभासेको थिति बोल्छौ, भन नीति कस्तो कोर्छौ ?
तिमीभन्दा म के कम, भन्छौ भने अझै पनि
कता गइन् शान्ती दिदी, देखिन्नँ म कतै पनि ।
अझै त यहाँ, ठूलाको इच्छा, बुझ्नै बाँकी देख्छौ भने
कहिले बुझ्छौ, हाम्रो इच्छा, कहिले बलि देख्छौ त ?

–उदास सधैरी

### यो गति भयो

आफ्नै सोच्थें म त तिमीलाई किन त्यस्तो मति भयो
जित्यौ तिमीले सबै खेल मेरो मात्र खति भयो
तिमी नै हौ मेरो जीवन तिम्रो लागि मर्छु भन्थ्यौ
परायालाई आफ्नो मान्दा बेहाल यो गति भयो
एक्लै जिउँछु अब म त पहिले जे-जे जति भयो
बगलीमा छुरा लुकाई रामराम जप्या अति भयो
एक्लै जन्मिएँ एक्लै मर्छु कसैको भर पर्दिनँ म
परायालाई आफ्नो मान्दा बेहाल यो गति भयो।

–गणेश गुरागाईं

### जप्न छोडेको छ

तिम्रो अपमानले मेरो आँखा खुलेको छ
मेरो मनले तिम्रो नाम जप्न छोडेको छ
चोखो माया गर्थें उनलाई आखिरमा दोषी भएँ
उनको नजरमा म त मूल्यहीन कसिङ्गर भएँ
तिम्रो बिछोडले मेरो मन दुखेको छ
मेरो मनले तिम्रो नाम जप्न छोडेको छ
मेरो यात्रा लामो थियो, हिंड्न डर लाग्यो होला
मेरो संसार झरी बादल बस्न डर लाग्यो होला
तिम्रो झूटो प्रेमले मेरो जीवन जलेको छ
मेरो मनले तिम्रो नाम जप्न छोडेको छ।

–पर्वत सञ्जेल

### तिमीविना

रमाएका पलहरू सम्झना भै आएका छन्
बिताएका क्षणहरू टुक्रिएर गएका छन्
भेटिएका चौतारीमा शून्यता छ तिमीविना
छुट्टिएका दोबाटोमा अन्धकार छ तिमीविना
सपनामा आउँछौ किन तड्पेको मन जलाउन
बिपनीमा जान्छौ किन दुखेको मन तड्पाउन
तिमीविना कोइलीले गीत पनि गाउनै छाड्यो
सधैं नाच्ने डाँफे-मुनाल हिमचुलीमा आउनै छाड्यो
सम्झना छ मनभरि माया धेरै मुटुभरि
तिमी आउने आशाहरू टुटेका छन् सिसासरि
तिम्ले माया मारे पनि माया तिम्लाई धेरै-धेरै
तिमीविना भए आज पीर-व्यथा सबै मेरै
तिमीविना छैन निद केवल दुःख-सास्ती किन
रमाइलो बस्ती आज ओझेलिएको बस्ती किन
दिन बित्छन् कसो-कसो बित्दैनन् यी रात्रि किन
गन्तव्यको यात्री भयो गन्तव्यहीन यात्री किन ?

–विकास अधिकारी

## लघुकथा

### मानव अधिकार



ऊ आफ्नो संस्कृतिप्रति गर्व गर्दथ्यो। विदेशी संस्कृतिप्रति उसको ठाडो विरोध थियो। त्यसमा पनि ऊ अर्धनग्न संस्कृतिलाई ठाडै नकार्थ्यो।

एकपटक ऊ आफ्नो सरकारी कार्यालयबाट एक गोष्ठीमा भाग लिन अस्ट्रेलिया जान पायो। गोष्ठी मानवअधिकारसम्बन्धी थियो।

गोष्ठीको एक कार्यसत्र एउटा पार्कमा सम्पन्न भयो। त्यस अवसरमा उसैको नजिकै एक जोडी युवायुवती अर्धनग्न अवस्थामा चुम्बन साटासाट गर्दै थिए।

त्यो दृश्यले उसलाई रन्थनायो। उसको ध्यान गोष्ठीतिरभन्दा त्यतै तानियो। 'मर्न नसकेका नकचरा नकचरी ! यत्रा मानिसका सामुन्ने यस्तो क्रियाकलाप...' भन्दै मुर्मुरियो।

गोष्ठीमा भन्दा घरीघरी उसको ध्यान त्यतै खिचियो। एकछिनपछि पुलिस आएर उसलाई समातेर लग्यो र दुई घण्टा थुन्यो।

छुटेपछि थुनिनुको कारण बुझ्दा ती जोडीको व्यक्तिगत मामलामा दखल पुर्‍याएकोमा उसलाई त्यो सजाय दिएको रहेछ। त्यसपछि बल्ल उसले मानवअधिकारका बारेमा राम्रोसँग बुझ्यो।

– भीम राना 'जिज्ञासु'

# रक्तचन्दन खेती नेपालका निम्ति अनुकूल

**आनन्द श्रेष्ठ**

नेपालका विभिन्न ठाउँबाट हरेक दिन ट्रकका ट्रक रक्तचन्दन पक्राउ परेको समाचार आउन थालेपछि नेपाली जनमानसमा पनि रक्तचन्दनका बिरुवाप्रति ठूलो जिज्ञासा एवं मोह जागेर आएको छ। नेपालमा पहिल्यैदेखि रक्तचन्दनको प्रयोग गरिँदै आएको छ। विशेष गरी धार्मिक अनुष्ठानका बेला यसको काठ घोटेर टीका लगाउने चलन छ। भारतको आसाम, केरला, कर्नाटकजस्ता राज्यमा यसको ठूलै जंगल पाइने भएकाले यसको काठ चीन पुर्‍याउन व्यापारीहरूले नेपालको बाटो प्रयोग गर्दै आएको धेरै भैसकेको छ।





**के हो रक्तचन्दन ?**

अंग्रेजीमा रेड सेन्डल उड (Red Sandal wood) नामले परिचित रक्तचन्दन Pterocarpus sandalinus प्रजातिको वनस्पति हो। यो विशेष गरी भारत, श्रीलंका, नामिबिया, जिम्बावे र अस्ट्रेलियाको उत्तरी क्षेत्रमा पाइन्छ।

रक्तचन्दन आफैं उम्रदैन, यो अन्य रूखको जरामाथि सहारा लिएर उम्रने प्रजाति हो। यो रूख एक्लै फस्टाउँदैन, यसका लागि मिश्रित जंगल चाहिन्छ। एउटा रक्तचन्दनको रूख ३० वर्षपछि काट्दा मात्र काम दिन लायकको हुन्छ। हाल कृषि वैज्ञानिकहरूले टिस्युकल्चर प्रविधिबाट तयार पारिएका बिरुवाले १५ वर्षपछि नै काम दिन थाल्ने बताइएको छ। गोलो आकारका पात हुने रक्तचन्दनको रूख खासै ठूलो हुँदैन। एउटा रूखबाट ३ क्विन्टलसम्म काठ निकाल्न सकिन्छ।

यो हिउँ, तुसारो नलाग्ने १० देखि ३५ डिग्री सेल्सियसको तापक्रम भएको स्थानमा हुर्कन्छ। रक्तचन्दनको काठ कडा, चाम्रो र नचर्किने भएकाले यसबाट आकर्षक खेलौना, झ्याल, सन्दुक आदि बनाउन सकिन्छ। यसको काठलाई पेलेर वाष्पीकरण गरी तेल निकालिन्छ। रक्तचन्दनको तेललाई मुटु र मृगौलाका कतिपय रोग, क्यान्सर तथा रगत सफा गर्ने अचूक औषधीका रूपमा प्रयोग गरिन्छ। चन्दनको मूढालाई पकाएर, मेसिनले पेलेर निकालिने तेलको मूल्य चीनमा ५ हजार डलर प्रतिलिटरसम्म पर्छ। एक क्विन्टल काठबाट ३ लिटरसम्म तेल निकाल्न सकिन्छ। राम्रो काठ भए ५ लिटरसम्म तेल निस्कन्छ।

यसको सुगन्धित धूलो लगाएर नुहाउँदा छालाको सबै रोग निको हुने विश्वास गरिन्छ। यसको तेलबाट महँगो अत्तर बनाइन्छ। चन्दनको काठको फर्निचर प्रयोग गरे कोठामा लामखुट्टे तथा कीराहरू आउँदैनन्। चीनको बेइजिङ सहरमा रक्तचन्दनको काठबाट बनाइएका विभिन्न किसिमका फर्निचर तथा काष्ठकलाका नमुना संकलन गरी एउटा भव्य संग्रहालय नै बनाइएको छ।

**चन्दन तस्करको सञ्जाल**

चन्दन मूल्यवान् मात्र नभएर यो विश्वबाट लोप हुँदै गएको वनस्पति पनि भएकाले साइटिसले सेतो चन्दन (श्रीखण्ड) लाई विलुप्त हुन लागेको वनस्पतिको पहिलो र रक्तचन्दनलाई दोस्रो श्रेणीमा राखेको छ। साइटिसका सदस्यराष्ट्रहरूमा यसको खुला बिक्री-वितरणमा प्रतिबन्ध लगाइएको छ। सरकारको अनुमतिबिना चीन तथा भारतमा रक्तचन्दनको खुला बिक्री-वितरण गर्न पाइँदैन तर नेपालमा भने यो प्रतिबन्धित छैन। भारतमा सेतो तथा रातो चन्दनको जंगलै भए पनि त्यो सरकारी सम्पत्तिका रूपमा छ। निजी वनमा लगाइएका चन्दन पनि सरकारको स्वीकृतिबिना काट्न तथा बेच्न पाइँदैन।

चीनमा रक्तचन्दनको ठूलो माग भए पनि त्यहाँ चन्दनको रूख नपाइने भएकाले आयात गरिन्छ। चीनलाई चन्दन निर्यात गर्ने प्रमुख राष्ट्र भारत नै हो। सिक्किमको किमाथान्का नाकाबाट वैध-अवैध रूपले चीनतर्फ चन्दन पैठारी हुन्छ। वर्षौंअघिदेखि नेपालको बाटो पनि प्रयोग हुँदै आएको छ। सिन्धुपाल्चोकको जिरोप्वाइन्ट भारतबाट ल्याइएको चन्दनको ठूलो संकलन केन्द्र मानिन्छ।

भारतमा सरकारले प्रतिकिलो रक्तचन्दन १ सय ७० रुपैयाँमा खरिद गर्छ भने निजी कम्पनीहरूले ३ सय रुपैयाँसम्ममा खरिद गर्छन्। चीनका व्यापारीहरूले ४ हजार ४ सय रुपैयाँ प्रतिकिलोमा खरिद गर्ने भएकाले चन्दन भारतबाट नेपाल हुँदै चीन पुग्छ।

**नक्कली बिरुवाको बिगबिगी**

नेपालको जंगलमा छिटपुट रूपमा चन्दनको रूख पाइने भए पनि व्यावसायिक रूपमा यसको खेती गरिएको पाइँदैन। विगत एक वर्षयता भारतीय चन्दन नेपालमा पक्राउ पर्न थालेपछि यहाँ पनि चन्दनको खेतीप्रति आकर्षण बढ्न थालेको छ। नेपालमा यसको सक्कली बिरुवा/नर्सरी उत्पादन हुन नसकेका कारण केही किसानले भारतबाट ३ देखि ५ सय रुपैयाँ प्रतिबिरुवा तिरेर मगाउने गरेका छन्।

पूर्वाञ्चलका केही व्यक्ति तथा नर्सरीले चन्दनका बिरुवा भन्दै, चन्दनकै प्रजातिको *एडनानथेरा पाभोनिना* भनिने रूखका बिरुवा बिक्री-वितरण गरेको पाइन्छ। खयरको जस्तो रूख भएको रातो दाना फल्ने एडनानथेरा धरान, चतरालगायत देशका विभिन्न भागमा पाइन्छ। भुइँमा झरेको दाना सजिलै उम्रने भएकाले त्यसैलाई रक्तचन्दन भन्दै केही मानिसले धरान, काठमाडौंसम्म पुर्‍याई ५ सय रुपैयाँ प्रतिबिरुवासम्ममा बिक्री गरेको पाइएको छ।

नेपालका केही मठ-मन्दिरहरूमा योगी-संन्यासीहरूले सेतो चन्दनका बिरुवा रोपेको पाइन्छ। पूर्वाञ्चलका केही किसानले भारतको आसाम, बैंगलोरबाट बिरुवा ल्याई व्यावसायिक रूपमै यसको खेती गर्न थालेका छन्।

## सन्देश



रीना, तपाईंकी ममीले भन्दा पनि बढी माया गर्छु भन्थ्यौ नि, के यही हो त्यो माया ? तिम्रा मीठा-मीठा कुरामा संसार भुल्ने प्रयास गर्नु के मेरो दोष हो ? तिमीसँगको सामीप्यता नै मेरो ठूलो भूल थियो होइन ? तिमीमाथि विश्वास गर्नु मेरो गल्ती भयो होइन ? किन मबाट टाढिन खोज्यौ ? केवल एक प्रश्न तिम्रा लागि। तिमीले त मसँगको सबै नाता तोड्यौ, तर म तिमीलाई सधैं उत्तिकै माया गरिरहनेछु। साँच्चै तिमी बिना मेरो जीवन अधुरो रहनेछ। त्यसैले प्लिज फर्किदेऊ मेरो जिन्दगीमा, म तिम्रै प्रतीक्षामा छु।

**यु.बी.**

ओए चड्के, आजभोलि तिमी किन चेन्ज भएको हँ, पहिले त तिमी जतिखेर पनि जिस्किन्थ्यौ, तर अहिले भने तिमी जहिल्यै पनि सिरियस देखिन्छौं। कलेजमा पनि तिम्रो जोकको चर्चा हुन्थ्यो, अहिले नभएको देखेर तिमी कुनै टेन्सनमा भएजस्तो लाग्यो, केही छ भने भन, हामी साथीहरूले पनि केही हेल्प गर्न सक्छौ कि ?

**बी र साथीहरू**

हरि, तिमीले आफ्नो स्टेसनरी पसल बिक्री गर्न लागेको सुनें, किन हो ? तिम्रो पसल त राम्रै चलेको थियो नि, कि विदेश जान लागेको हो ? आजभोलि तिम्रो पसलको फोन पनि उठ्दैन, प्लिज एकपटक कन्ट्याक्ट गर ल ....।

**रविन**

श्याम बाबु, मैले तपाईंलाई मन नपराएको होइन, मेरो बाध्यता नै छ, जुन बाध्यता म तपाईंलाई भन्न पनि सक्दिनँ। मबाट मेरा आमाबुबा र दाइले धेरै आशा राखेका छन्, त्यसकारण पनि म अहिले तपाईंसँग प्रेम गर्न सक्दिनँ। मलाई थाहा छ, तपाईंसँग मेरो जीवन सुखमय हुनेछ, यतिधेरै माया गर्ने मानिसलाई मैले कसरी निराश पार्नु भनेर केही नभनेकी हुँ, मलाई थाहा छ, तपाईंले मभन्दा धेरै माया गर्ने केटीको साथ पाउनुहुन्छ, त्यसैले मलाई बिर्सने प्रयास गर्नुहोला।

**र.**

दिलु, पोहोर यही बेलामा घुम्न गएको मलाई याद आइरहेको छ, तिमीलाइ मैले मन पराएको कारण नै तिमी टाढियौ। आखिर मैले तिमीलाई मन पराउनुको कारण नै हाम्रो मित्रता पनि टाढियो। सक्छौ भने मलाइ माफ गरिदेऊ, म सधैं तिम्रो साथी नै भएर बस्नेछु।

**रक्कि**

### सूचना

**इसाई धर्मावलम्बीहरूको महान् पर्व क्रिसमस र नयाँ वर्ष २००८ का अवसरमा आफ्ना इष्टमित्रहरूलाई बधाई तथा शुभकामना सन्देश पठाउन चाहनेहरूले आफ्नो सन्देश साप्ताहिकको कार्यालयमा पुस ८ गतेसम्म आइपुग्ने गरी पठाउन सक्नुहुनेछ।**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................

उमेर : .................... उचाइ : ....................

पेसा : .................... शिक्षा : ....................

स्वभाव : .................... वैवाहिक स्थिति : ....................

अभिरुचि : .................... वर्ण : ....................

इमेल : ..............................

ठेगाना : ..............................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................

..............................

**नोट** : तस्बिर र नगद रु. ५०।- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।


## जीवनको गोरेटोमा

### थाहा छैन किन?

यो संसार भनूँ या जीवन, बडो विचित्रको छ। भित्र पीडा र वेदना लुकाएर पनि हाँस्न सकिँदोरहेछ तर पीडा कसैलाई पोख्न पाइएन भने हृदय साह्रै नै भारी हुँदोरहेछ। मेरो जीवन त जहाँ जे जसरी भए पनि चलिरहेकै छ तर कहिले-कहिले मलाई के हुन्छ त्यो मलाई नै थाहा छैन। त्यस्तै अहिले म साह्रै भावुक भएँ र मैले एकोहोरो प्रेम गर्ने सपनाकी रानीलाई सम्झिएँ।

उनी राम्री थिइन्, पढाइ पनि राम्रो थियो, विशेष गरेर उनको त्यो हँसिलो मुहार र मिजासिलो स्वभाव साह्रै राम्रो थियो। मलाई कसैको फुस्रो बयान गरेर कसैलाई प्रभावमा पारेर कसैको मन जित्नु छैन त्यसैले मैले जे देखेँ र उनीबाट जस्तो प्रतिक्रिया पाएँ त्यस्तै लेख्दैछु। मलाई थाहा छ, जसले समयलाई बुझ्दैन त्यसले कहिल्यै सच्चा प्रेम गर्न सक्दैन। हो, त्यही बुझेर म तिमीसमक्ष प्रेम प्रस्ताव राख्न डराएँ। मलाई समयदेखि डर लाग्यो, किनकि म विद्यार्थी हुँ, जसले आफ्नो लक्ष्यमा पुग्नु छ र सुयोग्य व्यक्ति बन्नु छ। म गरिब परिवारमा हुर्किएको गाउँले केटो, ममा गाउँलेपन झल्किएला। म कुनै स्टाइल देखाउन पनि जान्दिनँ, आबारा भएर समय खेर फाल्दै मोबाइलमा वाहियात गफ दिँदै दर्जनौं गर्लफ्रेन्ड बनाउन पनि सक्दिनँ। हो, मलाई थाहा छ, म पढाइमा तिमीभन्दा कमजोर छु। तिमीले सोचे जति ह्यान्डसम पनि छैन होला, अर्को कुरा मलाई नचाहिँदा गफ दिएर केटीहरूलाई समय कटाउने माध्यम बनाउन आउँदैन। हो, यही कारणले म डराएँ, कतै तिमीलाई धोका होला कि, आफ्नो भविष्य अन्धकार होला भनेर।

प्रवेशिकापछि मैले कसरी बिताएँ केवल मलाई थाहा छ। मैले तिमीलाई कति भेट्न खोजें ? कहिले बसपार्कमा कुरेँ त कहिले हस्पिटल धाएँ तर कहिल्यै भेटिनँ। सायद समयले पनि त्यही चाहन्थ्यो। मैले तिमीलाई भेट्न नसकेर मेरो आत्मीय मित्रलाई डायरीमा सबै कुरा लेखेर दिन लगाएँ तर अफसोच तिमीले लिन मानिनौ र भन्यौ– दिमाग पोल्युटेड हुन्छ। सायद ठीकै भन्यौ। मैले सोचेँ समय आएपछि तिमीलाई म आफै प्रत्यक्ष भन्नेछु तर तिमी साह्रै चलाक भैदियौ र मेरो मित्रले भनेको भरमा मलाई बुझ्ने प्रयास नगरी फोन गर्‍यौ र भन्यौ– नो। म त्यो दिन कुन अवस्थामा थिएँ मलाई थाहा छ। म बिरामी भएर ओछ्यानमा लडेको थिएँ र फोन पनि उठाउन नसक्ने अवस्थामा थिएँ। तिम्रो फोनको घन्टीसँगै ब्यूँझिएँ र हेलोको आवाजसँगै



### मेरो प्रेम

तिमीलाई चिनें, तिम्रो त्यो सुमधुर आवाज सुनिरहें केही पनि नबोली। मेरा बुबा पनि भन्दै हुनुहुन्थ्यो तेरी साथी रिसाएजस्ती छे, फका। सोचेँ– फेरि फोन गरूँ र फकाऊँ, तर लाग्यो– म किन र के आधारले फोन गरूँ ? अनि प्रेम गर्दा रिसाउनेलाई म के गरेर फकाऊँ ?

मैले सुनेको थिएँ सच्चा प्रेमले जो-कसैको हृदयको ढोका उघार्न सकिन्छ तर खोइ कसरी विश्वास गरूँ म जो प्रत्यक्ष रूपमा बन्द ढोका बाहिर उभिएर प्रेमको भीख मागिरहेको छ ? प्रेमको भिखारी बनेर यसरी यो संसारमा बाँच्नु भनेको पनि साह्रै दयनीय स्थिति हुँदो रहेछ। त्यसैले, म प्रेमको भिखारी बन्नचाहिँ चाहँदिन। मेरो हृदयले तिमीलाई कहाँ, कसरी र किन मन परायो त्यो थाहा छैन तथा मैले कुनैबेला पनि यस्तो होला भनेर सोचेको थिइनँ।

थाहा छ तिमीले मलाई स्कुलमै ब्रो लेखेर शुभकामना कार्ड दिएर मलाई पन्छाउन खोजेकी थियौ तर सायद मेरो सच्चा हृदयले मन पराएर होला म तिमीबाट पन्छिन सकिनँ। तिम्रा लागि यो धर्तीमा समय बिताउन हजारौं ब्वायफ्रेन्ड होलान् जो तिमीले सोचेजस्ता होलान्। हुनसक्छ तिमीलाई मैले यही कुराले धेरै टेन्सन दिएँ र त्यसैले तिम्रो चित्त दुख्यो होला, त्यसैले आई एम सरी।

मलाई थाहा छैन तिमीले सोचेको केटा कस्तो छ ? त्यो आकाशको तारा झार्न सक्ला तथा ताजमहल पनि बनाउन सक्ला तर म त केही गर्न सक्दिनँ। म त परिनँ तिम्रो च्वाइसको। मेरो प्रेमको लक्ष्य तिम्रो हृदय दुखाउनु होइन, तिमीसँग खेल्नु होइन र तिम्रो समय बर्बाद गरेर तिम्रो खुसी र स्वतन्त्रता खोस्नु पनि होइन। त्यसैले यो निश्चित छ म प्रेम गर्छु तर दुःख दिन्न। यो कागजमा यी तीता कुरा व्यक्त गरेर तिमीलाई बोर गर्ने उद्देश्य मेरो होइन केबल तिमीबिना तड्पिएको यो जीवनको पीडा व्यक्त गरेर मन हल्का बनाउन खोजेको हुँ। यी तीता कुराले तिम्रो आँखाका आँसु पनि तीता भैसके होलान्, त्यसैले अब लेख्ने शब्द पनि छैन र लेखे पनि तिम्रो मन जित्ने छैन। किनकि तिमीले भनेजस्तै तिमी इम्पोसिबल छौ।

तिमीले नो भनेर ढोका बन्द त गर्‍यौ। एकोहोरो प्रेममा पर्नु पनि साह्रै गाह्रो रहेछ र त्यसमाथि प्रेम गरेको मान्छेले साथ नदिनु त दुःखको सागरमै पौड्नु रहेछ। त्यसैले अब चाँडै नै हाँस्न बिर्सन्छु होला र केवल भित्रभित्रै जलेर बाहिर चम्कनेछु। तिमी खुसी हौ, त्यसमै मेरो प्रेम सफल हुनेछ।

**– एलोन**


## साप्ताहिक साथी



भर्खरै प्रवेशिका उत्तीर्ण गरेका अमित खड्का १९ वर्षका छन्। कम बोल्ने स्वभावका अमित आधुनिक संगीत सुन्न रुचाउँछन्। गहुँगोरो वर्णका अमित धनी-गरिबबीच भेदभाव नगर्ने तथा आमा-बुबाप्रति श्रद्धाभाव राख्ने युवतीको खोजीमा छन्। उनलाई झापाको अनारमनी-३ मा पत्राचार गर्न सकिन्छ। अमितको इमेल ठेगाना amitkc77@yahoo.com हो।



सबैप्रति समान व्यवहार गर्नुपर्छ भन्ने मान्यता राख्ने शशी भण्डारी कक्षा १० मा अध्ययनरत छन्। १७ वर्षीय शशीको उचाइ ५ फिट २ इन्च छ। पत्रपत्रिका पढ्ने तथा देशाटनमा रुचि राख्ने शशी पत्रमित्रतालाई निरन्तरता दिने तथा नेपाल आमाको सेवा गर्ने साथीको खोजीमा छन्। उनलाई shashibhandari2007.com मा पत्राचार गर्न सकिन्छ।



२४ वर्षीय विकास गौतम ५ फिट ६ इन्च अग्ला छन्। प्रवीणता प्रमाणपत्र तह अध्ययन गरेर व्यापारमा लागेका विकास नरम स्वभावका छन्। अविवाहित गौतमलाई नयाँ साथी बनाउने रुचि छ। गोरो वर्णका विकास नरम स्वभाव भएका, होच्याएर नबोल्ने तथा दुःख-सुखमा साथ दिने साथीको खोजीमा छन्। उनलाई पोस्ट बक्स नम्बर ५४४८ मा पत्राचार गर्न सकिन्छ।

# पर्यटक आगमनमा सुधार

मकालु हिमाल आरोहण तथा मकालु वरुण राष्ट्रिय निकुञ्ज क्षेत्र भ्रमणमा आउने विदेशी पर्यटकहरूको सङ्ख्या बढेको छ। निकुञ्जका अनुसार गत वर्ष २ सय ३ विदेशी पर्यटक मकालु आएका थिए। चालू वर्षको कात्तिक २७ गतेसम्ममा ३ सय ८८ पर्यटकले मकालुको भ्रमण गरिसकेका थिए। असोजमा १ सय १९ विदेशी पदयात्री मकालु आएका थिए। दक्षिणी पर्यटकीय क्षेत्र तीनजुरे, मिल्के र जलजले भएर आउने पर्यटकहरूको सङ्ख्या पनि बढेको छ। मादीमूलखर्कको चौकीकी होटल व्यवसायी मुना तामाङका अनुसार यो सिजनमा दुई दर्जनभन्दा बढी पदयात्री यो रुटबाट कञ्चनजंघा गएका छन्।

निकुञ्ज प्रमुख युवराज रेग्मीका अनुसार देशमा सशस्त्र द्वन्द्व रोकिनु, गत वर्षजस्तो टाँसीगाउँवरिपरि चोरी तथा लुटपाट नहुनुले पर्यटक सङ्ख्या बढेको हो। चोरीका कुनै घटना नघटून् भनेर निकुञ्जले मकालु आधार शिविर जाने बाटोमा नियमित निगरानी राख्दै आएको छ। त्यस्तै स्थानीय बासिन्दाहरूसँग चोरी तथा लुटपाटका घटना दोहोरिन नदिन छलफल एवं सहकार्य पनि हुँदै आएको छ।



गत वर्ष टाँसीगाउँ र याङ्लेखर्कमा ४ पटक चोरी र लुटपाट भएका थिए। यी घटना अन्तर्राष्ट्रिय स्तरसम्म प्रचार-प्रसार भएपछि पर्यटकमा यो रुट असुरक्षित भएको सन्देश गएको थियो। यस्ता घटना दोहोरिए रुट नै परिवर्तन गर्ने कुरा निकुञ्जले बताएपछि स्थानीय जनता स्वयं घटना चोरी लुटपाट रोक्न लागिपरेको निकुञ्जका सिनियर गेम स्काउट लाकपद कुलुङले बताए।

विश्वको पाँचौं अग्लो हिमशिखर आरोहणको विषमता, मकालु क्षेत्रका मेरापिक, अमाडब्लम, चाम्लाङ, वरुणत्सेजस्ता अन्य शिखर, मकालु बरुण राष्ट्रिय निकुञ्ज तथा अरुण उपत्यकाको प्रचुर जैविक विविधता एवं मनोरम स्थल पर्यटक आकर्षणको केन्द्र हुन्।

सन् ९० को दशकमा पर्यटक आगमन निकै बढे पनि द्वन्द्व चर्किएपछि यो सङ्ख्या ह्वात्तै घटेको थियो। अहिले पनि मकालु आउने पर्यटकका लागि आवश्यक भौतिक सुविधाको बन्दोबस्त हुन सकेको छैन। व्यावसायिक ट्रेकिङ सुरु हुन नसक्दा सुविधासम्पन्न होटल र लज खुल्न सकेका छैनन्। पहिले केही व्यावसयिकता हासिल गरेका होटलसमेत द्वन्द्वका समयमा बन्द भए। मकालु पदयात्राको प्रमख मार्ग चिचिला बजारका होटल व्यवसायी उमानाथ पराजुली पर्यटक आउन छाडेपछि मेनुमा ध्वाँसो लागेको बताउँछन्।

१९९७ मा सबैभन्दा बढी ८ सय ७६ पर्यटक मकालु आएका थिए। द्वन्द्वले ०९८ मा ७ सय ७१, ०९९ मा ७ सय ४८, २००० मा ५ सय ८७, ०१ मा २ सय ८४, ०२ मा १ सय ६२, ०३ मा १ सय ७६, ०४ मा १ सय ३१, ०५ मा ७३ र २००६ मा २ सय ३ ले यो क्षेत्रको भ्रमण गरेका थिए।


निकुञ्ज तथा मध्यवर्ती सामुदायिक वन व्यवस्थापन काउन्सिलले पर्यटन प्रवर्धनका लागि काम गर्नुपर्ने माग स्थानीय बासिन्दाहरूले गर्दै आएका छन्। निकुञ्ज कार्यालयले राजनैतिक अस्थिरता नहटेसम्म त्यसको सम्भावना नरहेको बताउँदै आएको छ। निकुञ्ज प्रमुख भन्छन्- 'विभिन्न संस्थाहरू काम गर्न चाहन्छन् तर राजनैतिक अस्थिरता नहटेसम्म कोही आउने पक्षमा छैनन्।'

# बुद्धि ठूलो कि बल ? किन ?

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. देशभक्ति के हो ?
२. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
३. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
४. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
५. प्रेममा धोका हुने कारण के हो ?
६. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
७. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
८. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
९. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
१०. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?



बुद्धि हो क्यारे ? आफू दुब्लो छु त्यसैले।

**सरोज अधिकारी, बर्दिबास**

मेरो विचारमा त बल नै ठूलो सम्पादकज्यू, किनभने तपाईंले देख्नुभएकै छ नि प्रचण्डले हातहतियारको बलले कसरी सारालाई थर्काए।

**निर्दोष पोखरेल**

तपाईंलाई हेर्दा त बुद्धि नै ठूलो जस्तो लाग्छ सम्पादक ज्यू।

**सुरज सिंह, जनकपुर**

आफ्नो ठाउँमा दुवै ठूलो, बलको काम बुद्धिले हुँदैन, बुद्धिको काम बलले गर्दैन।

**वीरेन्द्र बस्नेत, अर्घाखाँची**

बुद्धि ठूलो, बल ठूलो भनूँ भने गिरिजाबाबु बूढो भएर पनि बुद्धिकै कारण सबैलाई नचाइरहेका छन्।

**एसके कुँवर, इटाखेल**

अहिलेको परिस्थिति हेर्ने हो भने आ-आफ्नो ठाउँमा दुवै ठूला हुन्।

**नीरज भट्टराई**

बल ठूलो, किनभने बल हुनेकै त छ नि रजाइँ, होइन र ?

**विष्णु काफ्ले (२९), सुनसरी**

बुद्धि ठूलो किनभने अहिलेको जमानामा बुद्धिले रिमोट घुमाउँछ नकि बलले।

**त्रिताल नोदनाथ (२६), धनकुटा**

कुनै पक्षबाट बुद्धि ठूलो देखिन्छ भने कुनै पक्षबाट बल। त्यसैले दुवैलाई बराबर मान्न सकिन्छ।

**दीपेन्द्र देउवा, डडेलधुरा**

श्रीमतीसँग बल भने प्रेमिकासँग बुद्धि। हो कि होइन ? तपाईं आफै विचार गर्नुस ल।

**रोशन एक्चै (२०)**

केका लागि... सैद्धान्तिक अनि व्यावहारिक रूपमा सोच्नुपर्छ...अँ... भोलि भन्छु ल...।

**मुक्ति अधिकारी**

एउटै सिक्काका दुई पाटा हुन्। श्रम गर्नुपर्ने श्रमिकका लागि बल ठूलो हो भने जागिरेलाई बुद्धि ठूलो।

**शालिग्राम पत्थर, धादिङ**

दुवै बराबर, दुवै एक-अर्काका परिपूरक, दुवैलाई सही परिचालन गरेको खण्डमा सफल भइन्छ।

**विनोद खतिवडा, इनरुवा**

त्यो सबै समयअनुसार हुन्छ, ठूलो त बुद्धि नै हो तर बल नभई बुद्धि मात्र भएर पनि काम छैन, समय अनुसार दुवैलाई ठूलो मान्नुपर्छ।

**जीवन थापा, काभ्रे**

बुद्धि नै ठूलो नि, हौ। प्रचण्डज्यूले ११ वर्षको मूढे बलले पनि प्राप्त गर्न नसक्नुभएको पद ८५ वर्षको बुढयौलीमा पनि पाँचौं पटकसम्म प्राप्त गर्नु गिरिजाबाबुको बुद्धिकै खेल होइन र ?

**रोहितेश विरही, झापा**

बुद्धि नै ठूलो, बुद्धिले मात्र ठूल्ठूला समस्या समाधान गर्न सकिन्छ।

**शान्ता गौतम, हल्दीबारी, झापा**

हाम्रो गाउँको बुद्धिबहादुरको बुद्धि होइन उ लठुवा छ भने बलबहादुरचाहिं लुरे छ। अब कुन ठूलो भन्नु उल्टो भएपछि ?

**रुद्रप्रसाद दाहाल (२०), मैनापोखरी**

बल नै ठूलो होइन र ? किनभने बल नभएको भए दुई-चार सय हतियारधारीका भरमा कसरी त्यसरी नेपालै हल्लाउन सक्थे ?

**नवीन दहाल (१४), दोलखा**

हात्तीलाई देख्दा बुद्धि खाने जस्तो लागे पनि स्याल (छट्टु) लाई देख्दाचाहिं बलै सानो लाग्छ।

**समर्पण भट्टराई, जनकपुर**

तपाईं नै भन्नुहोस् त सम्पादकज्यू, हात्ती बलियो कि हात्तीछाप चप्पल बलियो, उस्तै-उस्तै होइन र ?

**नारायण भट्टराई, उदयपुर**

सम्पादकज्यू, हात्ती र कमिलाको कथा पढाएनन् कि क्या हो तपाईंलाई ?

**जयराम भट्टराई, जनकपुर**

उस्तै-उस्तै हुन् नानी भनेर भन्नुभो हाम्री हजुरआमाले।

**दिव्या भट्टराई , उदयपुर**

बल, किनभने आजको युगमा बलवान्ले नै कमजोरमाथि शासन चलाएको छ।

**किरण राना (१६), पोखरा**

क्षणिक र मूर्ख ध्वाँस देखाउन त बल नै ठूलो हो तर सम्मान भने बुद्धिबाटै प्राप्त हुन्छ। आज संसारमा जति पनि नयाँ अविष्कार र मानवनियन्त्रित काम भएका छन्, यो बलको होइन बुद्धिको खेल हो।

**ठाकुरमान श्रेष्ठ (४०), धादिङ**

योचाहिँ हात्ती र माउतेसँग सोध्नुहोस।

**कुविर कुलुङ (१९) सोलु**

आ-आफ्नो ठाउँमा बल र बुद्धि दुवै ठूलो हो तर मेरो विचारमा बुद्धि ठूलो हो, किनभने बललाई पहिचान गर्न बुद्धि नै चाहिन्छ।

**सरस्वती दनुवार, काभ्रे**

आ-आफ्नो ठाउँमा दुवै ठूलो, किनकि बुद्धिले गर्ने काम बलले पूरा हुँदैन र बलले हुने काम बुद्धिले गर्न सकिंदैन।

**मनोजकुमार चौधरी, घट्टेकुलो**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म १९ वर्षीय विवाहित महिला हुँ। हालसाल सन्तान नजन्माउने आपसी सल्लाहअनुरूप हामीले यौनसम्पर्क राखेका थिएनौं, तर पछि श्रीमान्ले मान्नुभएन। उहाँले कन्डम लगाउन पनि रुचाउनुभएन। त्यही भएर बिना कुनै साधनको प्रयोगबाटै सम्पर्क राख्यौं। सम्पर्क राखिसकेपछि मैले उहाँको वीर्य निलें र अहिलेसम्म खाँदैछु। हामीले यस्तो सम्पर्क महिनावारी भएको बाह्रौं दिनमा राखेका थियौं। अहिले सात दिन भयो। यस्तो अवस्थामा मेरो गर्भ रहन्छ कि रहँदैन ? अहिले गर्भ रह्यो भने कुन साधन प्रयोग गरे यो गर्भ नबस्ला ? मैल गर्भधारण नगर्न कुन उपाय अपनाउनुपर्ला ?**

**– अ.**

**उत्तर** : यो सत्य हो कि यौनसम्पर्क नै नराखे गर्भ रहँदैन। विशेष गरेर किशोर-किशोरीका लागि विवाहभन्दा पहिले ब्रह्मचर्य पालन गर्न सल्लाह दिइन्छ। ब्रह्मचर्यलाई नै यौनजीवनको अङ्ग बनाउनेदेखि बाहेकका व्यक्तिका लागि यौनसम्पर्क अनिवार्य कुरा हो। विवाहबाटै विवाहित जोडीबीच यौनसम्पर्क राख्न सामाजिक अनुमति प्राप्त हुन्छ र यौनसम्पर्क वैवाहिक जीवनको मेरुदण्डका रूपमा रहेको हुन्छ। त्यसैले मेरो विचारमा सन्तान नजन्माउने धुनमा यौनसम्पर्क नै नराख्नु मनासिब होइन। विशेष गरेर यौनसम्पर्कको आनन्द लिन सकियोस् र सन्तान पनि नरहोस् भनेर विभिन्न साधन वा उपायहरू उपलब्ध छन्, जसलाई हामी सामान्य बोलीचालीको भाषामा परिवार नियोजनका साधन भनेर पनि चिन्दछौं। गहिरिएर हेर्ने हो भने यी साधनहरू एक किसिमले यौनआनन्द प्रदान गर्न प्रयोग गरिने प्रसाधनहरू हुन्।

**गर्भ कसरी रहन्छ ?**

सन्तानको उत्पत्ति प्रमुख रूपमा पुरुषबाट निस्कने शुक्रकीट र स्त्रीमा विकसित भएका डिम्बको मिलनबाट हुन्छ। यौनसम्पर्कको बेलामा पुरुषको वीर्यस्लखलन हुँदा निस्किएका करोडौं शुक्रकीटमध्ये केही पाठेघरको मुख हुँदै पाठेघर र त्यसपछि डिम्बबाहिनी नलीमा पुग्छन्। त्यहाँ परिपक्व भएको डिम्बसँग असंख्य शुक्रकीटमध्ये एकको मात्र मिलन हुन्छ। यसरी मिलन हुने प्रक्रियालाई निषेचन भनिन्छ।

यसरी शुक्रकीट र डिम्बको मिलन भएको कोषलाई युग्मज भनिन्छ र यही नै पछि विकसित भएर शिशु बन्छ। सामान्य रूपमा भन्नुपर्दा गर्भधारण हुनका लागि मुख्य रूपमा १. डिम्ब निष्कासन, २. यौनसम्पर्क, ३. वीर्य स्खलन, ४. डिम्ब निषेचन तथा ५. डिम्बरोपणजस्ता कुरा हुनु आवश्यक छ। गर्भ रहनलाई आवश्यक भएका सबै कुराका बीचमा तालमेल मिले गर्भ रहन सक्छ।

**के रजस्वला वा महिनावारीको १२ औं दिनको यौनसम्पर्कले गर्भ रहला ?**

महिलाको शरीरमा मासिक रूपमा एउटा डिम्ब निस्कन्छ र यसै बेलातिरको यौनसम्पर्कमा वीर्यको शुक्रकीटसँग मिलन भै गर्भको सुरुवात हुनसक्छ। यहाँ बुझ्नुपर्ने कुरा के छ भने डिम्ब निस्किएको यस्तै १४ दिनमा महिनावारी सुरु हुन्छ। यस्तै २८ दिनको महिनावारी भएकी महिलाको १४ औं दिनतिर डिम्ब निस्कने भएकाले यति बेला यौनसम्पर्क गर्दा गर्भ रहने सम्भावना एकदमै धेरै हुन्छ भने महिनावारीको ठिक अघिपछि कम। प्रत्येक यौनसम्पर्कमा सबै कुराको तालमेल मिल्छ भन्ने छैन। डिम्ब निष्कासन भएको दिन यौनसम्पर्क भए गर्भ रहने सम्भावना ० दशमलव १५ हुन्छ भने त्यसभन्दा एक दिनअघि सबैभन्दा बढी अर्थात ० दशमलव २६ हुन्छ। यसको अगाडि र पछाडि दुवैतिर नै यस्तो सम्भावना कम हुँदै जान्छ। २ दिनअघि अर्थात् १२ औं दिन तिर ० दशमलव १५ हुन्छ। डिम्ब निस्किएको दिनभन्दा ५ दिन पहिले यो सम्भावना शून्य हुन्छ भने डिम्ब निस्किएको दिन भन्दा ३ दिनपछि यो सम्भावना फेरी शून्यमा झर्छ।

**गर्भ रहन नदिने उपाय छन् ?**

पक्कै छन्। यसो हुन नदिने अनेक उपाय छन्। यौन सम्पर्क नै नराख्नु गर्भ रहन नदिने सबैभन्दा राम्रो उपाय हो। परिवार नियोजनको खाने चक्की गर्भनिरोधका लागि प्रयोग गरिने राम्रो औषधी हो। नियमित रूपमा सेवन गरे यसको प्रभावकारीता निकै हुन्छ। कन्डम अर्को राम्रो उपाय हो भन्ने कुरा यहाँ भनिरहनुपर्दैन। कन्डमको प्रयोगले गर्भ रहनलाई रोक्नदेखि बाहेक एच.आई.भी. एड्स लगायत अन्य कतिपय यौनरोग सर्नबाट पनि बचाउँछ। कन्डम तथा खाने चक्की दुवै एकसाथ प्रयोग गर्दा अझ बढी प्रभावकारी हुन्छ। श्रीमान्ले किन कन्डम नरुचाउनुभएको हो, लेख्नुभएको छैन तर यो एउटा राम्रो साधन हो।

गर्भनिरोधको खाने चक्की निलोकन आपत्कालीन गर्भनिरोधका रूपमा प्रयोग गर्न सकिन्छ। यौनसम्पर्क भएको जति सक्यो चाँडो यसको पहिलो मात्रा खानुपर्छ। पहिलो मात्रा यौनसम्पर्क भएको ७२ घण्टाभित्रमा खाइसक्नुपर्छ। अर्को मात्रा पहिलो मात्रा खाएको १२ घण्टामा खानुपर्छ। यसरी १२ घण्टाको फरकमा दुई पटक औषधी खाए पुग्छ। त्यसैले दोस्रो मात्रा खान सजिलो समयका बारेमा पनि ध्यान दिनुपर्ने हुन्छ। यदि औषधी खाएको दुई घण्टाभित्र बान्ता भए थप अर्को मात्रा खानुपर्छ। एक मात्रा निलोकन प्रयोग गर्दा यसको चार चक्की खानुपर्छ। मात्रा नपुग्दा गर्भ रहने सम्भावना हुन्छ। औषधी खाएको दुई घण्टापछि बान्ता भए चिन्ता गर्नु पर्दैन। यो आपत्कालीन उपायलाई नियमित रूपमा वा बारम्बार प्रयोग गर्न थालियो भने यसको प्रभावकारिता कम भएर जान्छ, अर्थात् गर्भ रहन सक्ने सम्भावना बढ्छ।

यसले काम गऱ्यो कि गरेन भनेर कुनै विशेष लक्षण तुरुन्तै देखिँदैन। त्यसैले महिनावारी समयमा भयो कि भएन ध्यान दिनुपर्छ। कसैकसैमा महिनावारी २ वा ३ दिनअघि पछि हुन सक्छ। यदि महिनावारी हुनुपर्ने समयभन्दा एक साता सम्म ढिलो पनि नभएमा चिकित्सकसँग सम्पर्क राख्नुपर्छ। अचेल आपत्कालीन गर्भनिरोधका लागि प्रोजेस्टेनरोन मात्र भएको औषधी पनि पाइन थालेको छ। कपर टीलाई पनि यौनसम्पर्क भएको ५ दिनसम्ममा आपत्कालीन गर्भ निरोधका रूपमा प्रयोग गर्न सकिन्छ।

**गर्भ रहिहाले के गर्ने ?**

तपाईंले गर्भ रहे-नरहेको पत्ता लगाउन पिसाबको परीक्षण गराउन सक्नुहुन्छ। गर्भ रहिहालेको स्थितिमा त्यसलाई निरन्तरता दिनु एउटा राम्रो विकल्प हुनसक्छ। यदि त्यसो गर्न चाहनुहुन्न भने सो गर्भको अन्त्य गर्नु अर्को विकल्प हुनसक्छ। नेपालमा मुलुकी ऐन एघारौं संशोधनले गर्भपतनलाई प्रजनन स्वास्थ्य अधिकारका रूपमा व्यवस्था गरेर केही निश्चित अवस्थामा गर्भपतन गर्न पाउने अधिकार प्रदान गरेको छ। गर्भवती महिलाको मञ्जुरीमा १२ सातासम्मको गर्भपतन गर्न पाइन्छ। अहिले कतिपय सरकारी अस्पतालमा सुरक्षित गर्भपतनको सेवा उपलब्ध गराउन थालिएको छ, तर सजिलो परिवार नियोजनको साधन प्रयोग गरेर गर्भ नै रहन नदिनु बुद्धिमानी हो।

## पारिवारिक स्वास्थ्य

**डा. सी. पी. सेढाईं**

समाजमा रक्सी पिउने समस्या प्रसस्त पाइन्छ। धेरै मानिसहरू कहिलेकाहीं महिनामा एक-दुई पटक पिउँछन्, जसलाई सोसल ड्रिंकिङ भनिन्छ। कतिपय मानिसमा दिनहुँजसो पिउने बानी बस्छ। कहिलेकाहीं रक्सी पिउँदा पनि पछि गएर खतराको स्थिति देखिन सक्छ। नेपालमा चाडपर्वमा रक्सी सेवन गर्ने चलन छ, यसले पनि अल्कोहल डिपेन्डेन्ट बनाउन ठूलो भूमिका खेल्छ। यसबाहेक आनन्द लिन, डर घटाउन, पीर कम गर्न तथा निद्रा लाग्छ भन्ने गलत सोचाइका कारण मानिसहरू रक्सी पिउन थाल्छन्। पछि गएर यो बानीको रूपमा बस्छ तथा छाड्न सक्दैनन् बरु दिनहुँ पहिलेभन्दा बढी पिउन थाल्छन्। सुरुमा मानिसहरू महंगो खालका रक्सी पिउँछन्। जब धेरै पिउनुपर्ने हुन्छ तब रकम कम हुन्छ अनि सस्तो खालको रक्सी पिउन थाल्छन्। रक्सी पिउने बानीले गर्दा समाजमा नराम्रो असर परेको हुन्छ, घरपरिवार, श्रीमतीसँग दिनहुँ झगडा हुन्छ।

**रक्सी पिउँदा देखिने असर**

- अल्कोहलिक इन्टक्सिकेसन (रक्सी पिउनासाथ देखिने असर)
- अल्कोहल विथड्र (कुनै दिन रक्सी नलिंदा देखिने लक्षण )
- अल्कोहलिक कम्प्लिकेसन (रक्सीका कारण देखिने विशेष लक्षण)

**अल्कोहलिक इन्टक्सिकेसनका लक्षणहरू**

कहिले रुने, कहिल हाँस्ने, मन एकोहोरो हुने, रिसाउने, झगडा गर्ने, बोली लट्पटिने, ढल्कीढल्की हिंड्ने, आँखाको गेडी हल्लिने, बिर्सने, कति मानिसमा बेहोस हुने तथा मर्ने सम्भावना हुन्छ।

**अल्कोहल विथड्रका लक्षणहरू**

- कलेजोको रोग
- ग्यासटाइटिस
- पेनक्रियाको संक्रमण
- निउरोप्याथी
- बिर्सने रोग
- डिमेनसिया
- शंका लाग्ने रोग
- सेरेबुलमको रोग
- पिएर हिंड्दा इन्जुरी हुने
- मुटुको रोग

यस बाहेक एनजाइटी, साइकोसिसको समस्या, डिप्रेसन, आत्महत्या गर्ने, रगतमा सुगर कम हुने आदि समस्या उत्पन्न हुन्छ।

- शिशु पेटमा भएकी आमाले रक्सी सेवन गरे शिशुमा सुस्त मनस्थिति हुने वा रिसाहा खालको शिशु जन्मन्छ।
- रक्सी सेवन गर्नाले दुर्घटना हुने, आर्थिक समस्या बढ्ने, घरायसी झगडा बढ्ने हुन्छ।

रक्सी सेवन गर्ने कतिपय मानिसले एक्लै बस्दा कानमा मानिस बोलेको आवाज सुन्छन् र अनौठो मान्छन्। कहिलेकाहीं डराएर घरबाट भाग्छन्।

रक्सी सेवन गर्ने मानिसले जब रक्सीको मात्रा घटाउँछ वा रक्सी पिउन छाड्ने प्रयास गर्छ तब हात-खुट्टा हल्लिने, पसिना आउने तथा कहिलेकहीं हात-खुट्टा कडा हुने, दाँत टोकिने र बेहोस हुने हुन्छ। यसलाई अल्कोहल विथड्रल सिजर भनिन्छ।

**रक्सी छुटाउन सकिन्छ ?**

बिरामीलाई बेन्जोडियाजेपाइन ग्रुपको औषधी दिइन्छ साथै भिटामिन बी टु एवं भिटामिन बी वान दिइन्छ। बिरामीलाई अल्कोहल लिन लिइँदैन। बिस्तारै-बिस्तारै औषधी घटाउँदै लगिन्छ। बिरामीलाई साइकोथेरापी काउन्सिलिङ गराइन्छ। बिरामीमा अन्य खालको समस्या जस्तै- डिप्रेसन, डर लाग्ने, मेनिया आदि रोग छ कि जाँच भए त्यसको पनि उपचार गरिन्छ। एक-दुई सातामा उपचार पूरा हुन्छ। कसै कसैलाई डिसुल्फिरम भन्ने औषधी पनि ख्वाइन्छ जुन औषधी खाएका बेला रक्सी पिए रियाक्सन हुन सक्छ।

**समस्या भएकाहरूले जान्नैपर्ने कुरा**


- रक्सी पिउने बानीले गर्दा घरमा श्रीमतीलाई डिप्रेसन हुन सक्छ।
- रक्सी पिउने बानीले आर्थिक समस्या, झगडा, समाजमा अपहेलना बढाउन सक्छ।
- रक्सी पिउन छाडेकाले रक्सी पिउनेको संगत छाड्नुपर्छ।
- कतिपय रक्सीको बानी बसेका मानिसहरूलाई निद्राको समस्या, डिप्रेसन, डरलाग्ने समस्या पनि हुन्छ, त्यस्तो छ भने त्यसको पनि उपचार गर्नुपर्छ।
- रक्सी पिउने मानिसमा छारे रोग जस्तै- ढल्ने अथवा डराउने, आत्तिने, शंका लाग्ने रोग देखिए खतरा मानिन्छ।
- रक्सीको बानी बसेकाहरूलाई कलेजोको रोग (सिरोसिस या लिभर) हुने, पेटमा पानी बढ्ने, जन्डिस देखापर्छ। यसबाट रोग जटिल अवस्थामा पुगेको बुझिन्छ।

**कसरी मानसिक रूपमा स्वस्थ बन्ने ?**

- अनावश्यक कुरामा बारम्बर एकोहोरो गहिरो सोचाइ नगर्ने।
- अर्काको उपलब्धिलाई सजिलै ग्रहण गर्ने र खुसी हुने।
- पुराना रुढीवादी कुरा जुन वर्तमानमा झूटा सावित भएका छन् तिनमा विश्वास नगर्ने।
- हरेक काममा खुसी, सन्तुष्ट र सुखी बन्न सिक्ने।
- जे छ त्यसमा सन्तुष्ट हुने तर परिश्रम गर्न नछाड्ने।
- लागू पदार्थ, रक्सी, ड्रग्स सेवन गर्दा मानसिक रोग लाग्ने सम्भावना धेरै हुने भएकाले यी वस्तुबाट टाढै रहने।
- दैनिक जीवनमा स्वस्थ प्रतिस्पर्धा गर्ने।
- समाज तथा घरपरिवारमा दुष्टताको वातावरण अन्त्य गर्ने।
- अति नैतिकवान् नबन्ने र अरूबाट पनि त्यस्तो बढी आशा नगर्ने।
- समस्या परिवार एवं साथीलाई भन्दा मनको उत्तेजना कम हुन्छ।
- मनलाई सधैं शान्त राख्ने।

**(डा. सेढाई भरतपुर मेडिकल कलेजमा कार्यरत नशा तथा मानसिक रोग विशेषज्ञ हुन्।)**

# तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ



फरकहरू : कपाल, हेयर ब्यान्ड, कुकुर, पोस्टर, ज्याकेट, औंला, ब्याग, मोजा, मुख, जुत्ता

# चियाको लाभ



चिया पिउनाले स्वास्थ्यमा विभिन्न किसिमका लाभ पुग्ने अनुसन्धानकर्ताहरूले बताएका छन्। अस्ट्रेलियाका अनुसन्धानकर्ताहरूले ७० देखि ८५ वर्ष उमेर समूहका २ सय ७५ जना वृद्ध महिलामा उक्त अध्ययन गरेका थिए। चिया नपिउने महिलाको हाड कम बलियो हुने उक्त अध्ययनबाट पत्ता लागेको छ।

पाँच वर्षसम्म क्यात्सियम तत्व र हाड कमजोर पार्ने रोग अस्टोपोरोसिसको अध्ययनबाट उक्त निष्कर्ष निकालिएको हो। यद्यपि यस अध्ययनमा दैनिक कति मात्रामा चिया पिउँदा हाडको मजबुतीमा कुन मात्रामा असर पुग्छ भन्ने कुरा स्पष्ट पारिएको छैन। अध्ययनकै अवधिमा पनि कम चिया पिउने महिलाको तुलनामा बढी पिउनेको हाड कम खिइएको पाइयो। अध्ययन अनुसार मानवशरीरका हाडलाई धूम्रपान र क्याल्सियमको आपूर्तिले पनि प्रभाव पार्छ।

### पानी नखाई बाँच्ने स्तनधारी

**पृथ्वीमा रहेका स्तनधारी जीवहरूमध्ये मुसामात्रै त्यस्तो जीव हो जसले जीवनभरि पानी पिउँदैन। पानीबिना बाँच्ने मुसाको विशेषताकै कारणले यो जीव मरुभूमिदेखि चिसो र सुख्खा ठाउँमा समेत पाइन्छ।**

## चमत्कारी भ्यागुतो

जापानी अनुसन्धान-कर्ताहरूको एक समूहले सम्पूर्ण अंग छर्लङ्ग देखिने भ्यागुतो उत्पादन गरेका छन्। यो भ्यागुतोका भित्री अंगहरू रक्तथैली, डिम्बा, नसाहरूको रक्तसंचार सबै नांगो आँखाले देख्न सकिन्छ।

अनुसन्धानकर्ताहरूले हाड र कलेजोलाई विषाक्त पदार्थले कसरी असर गर्छ, कसरी भ्यागुतोका अंगहरू वृद्धि हुन्छन्, रोग कसरी लाग्छ भन्ने कुरा छर्लंग देखिने बताएका छन्।

जीवजन्तुका संरक्षणकर्ताले कुनै पनि जीवजन्तुको अनुसन्धानका नाममा अंगभंग गर्न नमिल्ने अभियान चलाइरहेको बेला त्यस प्रकारको भ्यागुतो उत्पादन गर्न सक्नुलाई विज्ञानको अर्को राम्रो उपलब्धिका रूपमा लिइएको छ।

## संघर्ष र सफलता

### बांगारी माथाई



माथाई सानो छँदा केन्याका पहाडहरू हरिया थिए। मार्चको मध्यतिर मनसुन वर्षा हुन्थ्यो। जुलाईतिरको बिहानीमा नजिकै पनि देख्न नसकिने गरी कुहिरोले ढाक्थ्यो तर दुई दशकपछि माथाईले यो क्रम कम भएको अनुभव गरिन्। वातावरण बिग्रँदै गएको तथा देशमा हरियाली पनि सकिँदै गएको अनुभव माथाईलाई भयो। यो अवस्थामा सन् ७० को दशकको अन्त्यतिर माथाई र उनका सहयोगीहरूले एउटा सानो वातावरणीय समूह ग्रिन बेल्ट मुभमेन्ट गठन गरे। उनीहरूले भूक्षयबाट बचाउन तथा आगो बाल्न आवश्यक दाउरा प्राप्त गर्ने उद्देश्यले करोडौं मानिसलाई रूख रोप्न प्रोत्साहित गरे। उनीहरूले तत्कालीन राष्ट्रपति डेनियल अराप मोइलाई पनि भेटे। उनको पार्टीले राजधानी नैरोबीको बीचमा रहेको पार्कमा पार्टी कार्यालय निर्माण गर्ने योजना बनाएको थियो।

त्यसपछिका दिनमा आफ्नो अभियानकै क्रममा माथाई कैयौं पटक पक्राउ परिन्, थुनिइन् र कुटिइन्। सन् २००२ मा उनी निर्वाचनमा भाग लिई संसद्मा पुगिन्। सन् २००४ मा उनलाई दिगो विकास, प्रजातन्त्र र शान्तिका लागि कार्य गरेबापत नोवेल पुरस्कार प्रदान गरियो।

## जन्मदिनको शुभकामना


संगीत विश्वकर्मा २०५९ मंसिर २८


प्रसन्न राई २०६० मंसिर २९


अस्मिता न्यौपाने २०५३ मंसिर २९


दिप्सन थपलिया २०५९ मंसिर २९


प्रतिष्ठा देवकोटा २०६० मंसिर २९


राज थापामगर २०५८ पुस १


अन्तरा घिमिरे २०६२ पुस १



रेगन भण्डारी २०५६ पुस १


येईड्सा लावती २०६३ पुस ३


एलेक्स रानामगर २०६३ पुस ४


कृति दियाली २०५९ पुस ५


आशीष कर्ण २०६० पुस ३


आकृति न्यौपाने २०५८ पुस ५


आर्मन आले २०६० पुस ५


सुदेश बानिया २०५७ मंसिर २९


राघव महर्जन २०५८ मंसिर २९

**कुपन**

### जन्मदिनको शुभकामना

नाम :.......................................................

जन्म मिति :.......................................................

स्कुल :.......................................................

ठेगाना : .......................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## चिन्तामुक्त हुनुपर्छ

जापानका जुम्ल्याहा दिदीबहिनीले हालै आफ्नो १०० औं जन्मोत्सव मनाएका छन्। जापानको राजधानी टोकियोको उत्तरी क्षेत्रमा बसोबास गर्दै आएका जुम्ल्याहा दिदीबहिनीले आफ्नो जीवन यति लामो हुनुमा स्वास्थ्यवर्द्धक खाना खानु तथा कुनै पनि विषयमा चिन्ता नलिनु नै प्रमुख कारण रहेको बताए। जन्मोत्सवको उपलक्ष्यमा आयोजित पारिवारिक समारोहमा उनीहरूका छोरा-छोरी, नाति-नातिना, पनाति-पनातिनीलगायत अन्य आफन्त गरी झन्डै १ सयजनाको उपस्थिति थियो।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - २

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | २ | | | | ३ | | |
| | ४ | | | | | | ■ | ■ |
| | | | ५ | | | | ६ | ७ |
| | | | | ■ | ■ | | ■ | |
| | | | | ८ | | | ९ | |
| १० | | | ११ | | १२ | | | १३ |
| | | | | ■ | | १४ | | |
| | ■ | ■ | | ■ | | | ■ | |
| १५ | | | | १६ | | | | |

प्रतियोगीको नाम :

ठेगाना :

**ठाडो**

१ बाल उपन्यास (५)
२ मुम्बईमा नेपाली गायक (३,४)
३ इन्डियन आइडल (३,३)
४ नजिकबाट गायक (३,३)
५ दत्त थरका भारतीय नायक (३)
७ एक राशि (३)
९ नयाँ टेलिश्रृंखला (३)
१० शासनमा एक कलाकार (२,२)
११ मैत्री तेक्वान्दो आयोजना स्थल (४)
१२ नेपाली मोटरसाइकल (३)
१३ मध्यपृष्ठमा (२,२)
१४ आजमी थरकी भारतीय नायिका (३)


**तेर्सो**

१ साइबर गर्ल (२,४)
३ माओवादी नेता (३)
४ चलचित्र गन्तव्यका निर्देशक (३,२)
५ नेपाली चलचित्र (३)
६ बराल थरका गायक (२)
८ नेपाली चलचित्र (४)
११ आदित्यको अन्तर्वार्ता स्थल (४)
१५ एक नेपाली नायकको थर (३)
१६ दिन फेरिएकी नायिका (३,२)

**नियमहरू :**


१. यो प्रतियोगिता सबैका लागि खुला छ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ।
४. पुरस्कृत चित्रलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ।

### तल दिइएको चित्रमा कति सामानहरू लुकेका छन् ?




लुकेका सामानहरू :घडी, जुत्ता, फ्रक, मोजा, लुगा, टाई।

## पत्ता लगाउन सहयोग गरौं




माथि दिइएको चित्रमा एउटा पुतली फूलसम्म पुग्ने बाटो खोजिरहेको छ। के हामी सहयोग गर्न सक्छौं ?












PLAYBOY
A REVISTA DO HOMEM
www.playboy.com.br
CARTÃO VERMELHO PRA CONCORRÊNCIA!!!
ANA PAULA OLIVEIRA
A BANDEIRINHA MAIS BONITA (E GOSTOSA) DO BRASIL
PÔQUER POR QUE O JOGO ESTÁ BOMBANDO
OLAVO DE CARVALHO E A MISÉRIA DA FILOSOFIA
ENTREVISTA LEÃO "QUANDO EU FOR PRESIDENTE DA CBF TUDO ISSO VAI MUDAR"
DOGGING SEXO AO AR LIVRE COM PLATEIA CONVOCADA PELA INTERNET




RED-HOT SUMMER ISSUE
PLAYBOY
INTERVIEW BRUCE WILLIS LIVES HARD
AMANDA BEARD
THE WORLD'S SEXIEST ATHLETE NUDE
20Q DANICA PATRICK DRIVES FAST
CALL GIRL IN VEGAS
DRINKING, GRILLING, ROAD-TRIPPING, SKINNY-DIPPING








PRIVE











[redacted]


# Language & Computer

TOEFL /IELTS Pre.Class

English, Chinese, French German, Korean, Hebrew Japanese, Spanish, & [illegible]

Tally. Basic.Office package Graphic.Web-Page Des. etc.

OSISH LANGUAGE Cen.
Adwait Marg, Bagbazar
Ph: -4232866



CAREER FOCUSED तालिम ३०% छुटमा

फोटोग्राफी भिडियोग्राफी
सबैभन्दा पुरानो-सबैभन्दा आधुनिक

DIGITAL VIDEO EDITING

DIGITAL STUDIO PHOTOGRAPHY
PHOTO-VIDEO पत्रकारिता

नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)

KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक [illegible], काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७



न्यूनतम शुल्क र न्यूनतम समयमा, उच्चतम तालीम आजको समयमा

On The Following Training

- PHOTOGRAPHY - 2000/-
- PHOTOEDITING - 1000/-
- VIDEOGRAPHY - 2000/-
- VIDEOEDITING - 1000/-
- PHOTOLAMINATION - 1000/-

Contact: By Arun Duttpant

NEPAL PHOTOGRAPHY TRAINING INSTITUTE
SINCE 2053 B.S
Govt. approved first Photo/Video institute
Bhotahity, Sajha Bhandar 4216291, 2191037



अंग्रेजी दुई महिना मै

जान्दै नजान्ने तथा विदेश जाने हरुका लागी विशेष व्यवस्था

Free: Books, Cassettes & Visual CDs

Free: E-Mail & Internet

Computer Courses Basic to Advanced

Getway Tel: 4241870
2003 Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu Nepal



होटल तालीम

छुट (%)

★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver

International Air Fares & Ticketing with
(International Certificate)

ओरिएण्टल हस्पिटालिटी (होटल)
एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नया बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)
(शनिवार बिहान १०:०० देखि दिउसो २:०० सम्म)